जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal Weekly
साप्ताहिक

वर्ष ६ अंक ४१, २०७४ साल माघ १९ गते शुक्रबार, नेपाल संवत् ११३८ (Feb. 2, 2018) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

## सम्पादक भट्टराईलाई मातृशोक

काठमाडौं । यस साप्ताहिकका अतिथि सम्पादक तथा पुराना पत्रकार विष्णु भट्टराईलाई मातृशोक परेको छ । भट्टराईकी ८५ वर्षीय आमा योगमाया भट्टराईको झापा दुवागढीस्थित आफ्नै निवासमा निधन भएको छ । लामो समयसम्म भक्तपुर बालकोटमा पत्रकार छोरा विष्णु भट्टराईसँग बसी मधुमेह लगायतका रोगको उपचार गराइरहनुभएकी योगमायाको टाउकोमा एक्कासी रगत जमेको पत्ता लागेपछि गत बाँकी ८ पेजमा

## तीन नम्बर प्रदेशको पहिलो बैठक

काठमाडौं । प्रदेश नम्बर तीनले सबै प्रदेशलाई उछिनेर प्रदेशसभाको पहिलो बैठक आह्वान गरी सम्पन्न गरेको छ । बैठकले माघ २७ गते सभामुखको निर्वाचन मिति घोषणा गर्दै बैठक सम्पन्न गरेको छ । प्रदेशसभाको बैठकको अध्यक्षता ज्येष्ठ सदस्य डोरमणि पौडेलले गरेका थिए । हेटौंडाको क्षेत्रीय शिक्षा निर्देशनालयको हलमा सम्पन्न बैठकमा प्रदेशसभाका सांसदहरुका अतिरिक्त काठमाडौं महानगरपालिकाका प्रमुख विद्यासुन्दर शाक्य लगायतको उपस्थिति रहेको थियो ।

# स्वराजको नेपाल भ्रमण रहस्यमय

काठमाडौं । भारतीय विदेशमन्त्री सुष्मा स्वराज दुईदिने नेपाल भ्रमणका लागि बिहीबार अपरान्ह सवा ४ बजे काठमाडौं आइपुगेकी छन् । स्वराजका साथमा भारतका नवनियुक्त विदेशसचिव विजय केशव गोखले, मन्त्रालयका प्रवक्ता रविश कुमार लगायत उच्चस्तरीय टोली नेपाल आएको छ । उनलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अर्थराज्यमन्त्री उदयशमशेर राणा र परराष्ट्र सचिव शंकर वैरागीले स्वागत गरेका थिए । स्वागतमा नेपालका लागि भारतीय राजदूत मञ्जिवसिंह पुरी पनि विमानस्थलमा पुगेका थिए । स्वराज विमानस्थलबाट सीधै कालिमाटीस्थित होटल सोल्टीतर्फ लागेकी थिइन् । उनले बिहीबारबाटै उच्चस्तरीय राजनीतिक भेटघाट थालेकी छन् । स्वराजले नेकपा एमाले अध्यक्ष तथा पूर्व प्रधानमन्त्री केपी शर्मा ओलीसँग पहिलो भेटवार्ता गरेकी छन् ।



संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान कार्यान्वयनमा आएपछि पहिलो जननिर्वाचित सरकार गठन हुने तयारी भइरहेको अवस्थामा भएको स्वराजको आगमनलाई राजनीतिक वृत्तमा गम्भीर रुपमा विश्लेषण भइरहेको छ । भारतले नचाहँदा नचाहँदै पनि नेपालमा भारी बहुमतका साथ वाम गठबन्धनले विजयी हासिल गऱ्यो भने उसले पछिल्लो चरणमा बन्दै नरुचाएका व्यक्ति केपी ओली मुलुकको कमान्ड सम्हाल्ने तयारी गरिरहेका छन् । यस्तो अवस्थामा आफ्नो पकडबाट नेपालको राजनीति टाढा पुग्ने हो कि भन्ने संशयबाट ग्रसित भारतको मनोदशा चिर्ने उद्देश्य बोकी भारतीय प्रधानमन्त्रीको सन्देश लिएर विदेशमन्त्री स्वराज सद्भावना भ्रमणका रुपमा नेपाल आएकी हुन् ।

नेपालको राजनीतिमा भारतले परम्परागत रुपमै हस्तक्षेपकारी भूमिकाको निर्वाह गर्दै आएको छ । नेपालको संविधान घोषणा गर्ने सन्दर्भमा भारतले विशेष दूत पठाएर हस्तक्षेपको प्रयास गरेको थियो । आफ्नो सुझाव विपरीत संविधान घोषणा भएपछि मधेसवादी दलहरुलाई भारतको प्रत्यक्ष, अप्रत्यक्ष सहयोगमा आन्दोलनमा उतार्ने काम भयो । यतिसम्म कि मितेरी पुलमा धर्ना बसेका आन्दोलनकारीलाई भरणपोषण गरेर उनीहरुलाई बल पुऱ्याउने उद्देश्यले नेपालमाथि नाकाबन्दी लगाउने घृणित काम गरियो । नाकाबन्दी भारतका लागि अत्यन्तै प्रत्युत्पादक बन्न पुग्यो । नेपाली जनताले प्रदर्शन गरेको अभूतपूर्व धैर्यता र राष्ट्रिय एकताको भावनाबाट तर्सिएको भारतीय सरकार अन्ततः झुक्न बाध्य भयो । नाकाबन्दीको समयमा सरकारको अडान र उनले देखाएको चीनप्रतिको रुझानका कारण भारतले नेपालको राजनीति क्रमशः आफूभन्दा टाढा पुग्ने अनुमान गरेर नाकाबन्दी खोल्न बाध्य बन्यो । भारतीय नाकाबन्दीको समयमा उत्तरी छिमेकी चीनले गरेको सहयोग उल्लेखनीय रह्यो । पेट्रोलियम पदार्थ पठाएर होस् या बेइजिङ टु काठमाडौं ब्यानर राखेको रेल पठाएर होस् चीनले भारतको मुटुमा राम्रैसँग ढ्याङ्ग्रो बजाइदिएको थियो । भारतीय नाकाबन्दीकै कारण अत्यधिक भारतीय परनिर्भरताको विकल्प खोजी गर्नसमेत यहाँको सरकारलाई आँखा खोलिदियो ।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको छिमेक नीतिका बारेमा भारतीय सञ्चारमाध्यमहरुमा समेत गम्भीर आलोचना हुने गरेको छ । मोदीको कार्यकालमा भारतका सबै छिमेकीहरु चीननिकट बनेको प्रति मोदीको गम्भीर आलोचना हुने गरेको छ । सबैभन्दा निकट रोटीबेटीको सम्बन्ध भनिएको नेपाल समेत मोदीको हस्तक्षेपकारी नीतिका कारण टाढिएकोप्रति भारतको संसददेखि मिडियासम्म मोदीको आलोचना हुँदै आएको छ । मधेस आन्दोलन र भारतको नाकाबन्दीका समयमा निकै आक्रामक अवस्थामा पुगेको नेपालको अवस्थामा अहिले परिवर्तन भएको छ । स्थानीय तहदेखि प्रदेश हुँदै संसदसम्म वाम वर्चस्वसँग पराजय भोगेको छ । त्यसमाथि पनि चिनियाँ राष्ट्रपति सि जिन पिङले निकट भविष्यमै नेपाल भ्रमण गर्ने तयारी गरेपछि मोदी सरकार अत्तालिएर नेपालसँग बिग्रेको सम्बन्ध सुधार्ने तयारीमा लागेको बुझ्नुपर्ने हुन्छ ।

अर्को कुरा चीनको दक्षिण एसियामा बढ्दो प्रभावलाई रोक्न पनि भारतले नेपालसँग बलियो सम्बन्ध बनाउन खोजिरहेको छ । भारतको हेपाहा, पेलाहा कूटनीतिमा परिवर्तन नगरे नेपाल र चीनबीच थप सम्बन्ध सुदृढ भएर जाने ठहर भारतीयले समेत गरेको हुनाले नयाँ सरकार बन्ने पूर्वसन्ध्यामा भारतीय विदेश मन्त्रीको नेपाल आगमन भएको हो ।

यसैबीच नेपालमाथि भारतले गरिरहेको राजनीतिक हस्तक्षेपबाट त्रसित वाम नेताहरु भारतीय विदेश मन्त्रीको यो आकस्मिक भ्रमण नभइदिएको भए हुन्थ्यो भनिरहेका छन् । वाम नेताहरुले भ्रमण रोक्न भारतीय राजदूत मनजिव सिंह पुरीलाई अनुरोध गरेको पनि एक सूत्रले जानकारी दिएको छ । न कुनै पूर्वतयारी न कुनै ठोस एजेन्डाका बीच हुने भ्रमणका पछाडि गम्भीर रहस्य लुकेको अर्थमा यहाँ हेरिने प्रचलन रहेकाले यो बेमौसमी भ्रमणको औचित्य र अर्थ नरहेको एकथरी विश्लेषकको ठम्याइ छ भने अर्काथरीले भ्रमणले नेपाल भारतबीच मित्रता प्रगाढ बन्ने र आउने नयाँ सरकारप्रति भारतको समर्थन र सुभेक्षा बढ्ने भनिरहेका छन् ।

नेपालको भूराजनीतिक अवस्थाले नेपाल सानो भए पनि चीन भारत दुवैका बीचको सीमा पर्खालका रुपमा रहेकाले दुवै देशको सुरक्षा चुनौतीको स्वार्थ नेपालसँग गाँसिएको छ । चीन, भारत दुवै उच्च आर्थिक वृद्धिमा रहेकाले नेपालले पनि त्यसको फाइदा लिन सक्नुपर्छ । नेपालले आफ्ना समस्याहरु स्पष्ट रुपमा राख्नुपर्छ । बाँकी ८ पेजमा

## व्यापारघाटा बढ्दै

काठमाडौं । नेपाल कृषिप्रधान मुलुक भए तापनि दैनिक उपभोग्य वस्तुहरुमा आत्मनिर्भर हुन सकेको छैन । दैनिक उपभोग्य वस्तुसमेत आयातकै भरपर्दा व्यापारघाटा उच्च रुपमा वृद्धि भएको छ । त्यसैगरी विलासिताका वस्तुको अत्यधिक खपतमा नेपालीको पैसा विदेश पुगिरहेको छ । भन्सार विभागका अनुसार ६ महिनाको समयावधिमा व्यापारघाटा ५ खर्ब पुगेको छ । अघिल्लो वर्षको तुलनामा १५ दशमलब ५२ प्रतिशतले व्यापारघाटा बढेको छ । गत वर्षको साउनदेखि पुससम्मको व्यापारघाटा ४ खर्ब २७ अर्ब ५३ करोड ७ लाख ४९ हजार रहेकोमा यस वर्ष सोही अवधिमा ४ खर्ब ९३ अर्ब ८८ करोड ८१ लाख ९० हजारले व्यापारघाटा भएको छ । यस वर्षको व्यापारघाटा १० खर्ब रुपैयाँ नाघ्न सक्ने प्रक्षेपण भन्सार विभागले गरेको छ ।

नेपालसँग व्यापार भएका १ सय ३९ मुलुकमध्ये २४ वटामा मात्र आयातभन्दा निर्यात बढी छ । २९ वटा मुलुकसँग १ अर्ब रुपैयाँभन्दा बढीको व्यापारघाटा रहेको छ । सबैभन्दा ठूलो व्यापारघाटा त भारतसँगै छ । भारतसँग ३ खर्ब २८ अर्बको व्यापारघाटा रहेको छ ।

नेपालबाट हालसम्म ६ महिनाको निर्यात ४१ खर्ब १६ करोड ७० लाख ७ हजार रुपैयाँको रहेको छ । नेपालबाट ठूलो धनराशि इन्धन आयातमा बाहिरिने गरेको छ । यो अवधिमा ७८ अर्ब ८९ करोडको इन्धन आयात भएको छ । इन्धत भारतबाटै आउने गरेको छ । सवारीसाधन, पार्टपुर्जा जस्ता कुरामा पनि ठूलो धनराशि बाहिरिन्छ । मोबाइल, टेलिभिजन लगायतका इलेक्ट्रिकल वस्तुको आयातले पनि व्यापारघाटा बढाएको छ ।

सबैभन्दा ठूलो व्यापारघाटा भारतसँग हुने गरेको छ । भारतबाट ६ महिनामा ३ खर्ब ५१ अर्ब ४१ करोड १९ लाख ९० हजार रुपैयाँका सामग्री आयात भएका छन् । भारततर्फ २३ बाँकी ८ पेजमा

## डलरको पीपीएमा ५० करोडको खेल

काठमाडौं । नेपाल विद्युत् प्राधिकरण खिम्ती र भोटेकोसी योजनासँगको डलरमा विद्युत खरिद गर्ने सम्झौताले धराशायी बन्न पुगेको थियो । अहिले फेरि माथिल्लो त्रिशुली १ को डलरमा भएको विद्युत् खरिद सम्झौताले प्राधिकरणलाई थप धराशायी बनाउने भएकाले विद्युत खरिद सम्झौता रद्द गर्न कर्मचारी युनियनले माग गरेको छ ।

प्राधिकरणको कर्मचारी युनियनले गत बुधबार प्रेस विज्ञप्ति जारी गर्दै प्राधिकरण सञ्चालक समितिले एकपछि अर्को जलविद्युत् आयोजनाको डलरमा विद्युत खरिद गरेर आर्थिक नोक्सानी व्यहोर्नु नहुने भन्दै माथिल्लो त्रिशुली १ को पीपीए खारेज गर्न माग गरेको छ ।

नेपाल विद्युत प्राधिकरणको सञ्चालक समितिले गत हप्ता 'नेपाल वाटर एन्ड इनर्जी डेभलपमेन्ट' कम्पनीसँग डलरमा विजुली खरिद गर्ने सम्झौता गरेको थियो । सरकारले विद्युत नियमन आयोग गठन गर्ने तयारी गरिरहेको अवस्थामा हठात मनस्थितिका साथ एक मेगावाट भन्दा साना तथा सोभन्दा ठूला आयोजनामा एकै दर रेटमा भुक्तानी दिने गरी गरेको निर्णय नै प्राधिकरण र मुलुकको हित विपरीत रहेको विज्ञप्तिमा उल्लेख छ ।

प्राधिकरणले डलरमा भुक्तानी दिने गरी माथिल्लो त्रिशुली १ को विद्युत खरिद गर्न गरेको सम्झौता गलत भएको र उक्त आयोजनाको उत्पादन लागत अस्वाभाविक रुपमा बढाएर विद्युत् खरिद दर महँगोमा पारिएको ठहर युनियनले गरेको छ ।

उक्त आयोजना निर्माणको लागि अति उपयुक्त भौगोलिक अवस्थिति हुँदाहुँदै पनि ३५ अर्बको लागतलाई बढाएर ६० अर्ब पुऱ्याउने काम अस्वाभाविक भएको युनियनको भनाइ रहेको छ । सरकारले वैदेशिक लगानी भित्र्याउने नाममा सस्तो मूल्यमा बन्ने आकर्षक आयोजना विदेशी कम्पनीलाई दिने अनि ती आयोजनाबाट उत्पादित बिजुली महँगो मूल्यमा खरिद गर्ने पीपीए गर्नाले प्राधिकरणको आर्थिक अवस्था धराशायी बन्ने हुनाले डलरको पीपीए तत्काल खारेज गर्न युनियनले माग गरेको छ । त्यसैगरी सस्ता आयोजना मुलुककै लगानीमा निर्माण गरिनुपर्छ । विज्ञप्तिमा आधिकारिक ट्रेड युनियनका अध्यक्ष रामेश्वरप्रसाद पौडेलले हस्ताक्षर गरेका छन् । बाँकी ८ पेजमा

## कञ्चनपुरमा एसएसबीको नांगो नाच

कञ्चनपुर । गत वर्ष कञ्चनपुरको बेलौरी क्षेत्रमा भारतीय सीमा सुरक्षा बल एसएसबीको गोली प्रहारबाट एकजना नेपाली नागरिकको हत्या भएको थियो । कलभर्ट निर्माणको विषयमा भारतीयले गरेको हस्तक्षेपले आन्दोलित भएका नेपाली जनतामा गरिएको गोली प्रहारबाट गोविन्द गौतम सहिद भएका थिए । अहिले फेरि त्यसै क्षेत्रमा सडक फराकिलो पार्ने क्रममा एसएसबीले अवरोध खडा गरेको छ ।

यस सम्बन्धमा विभिन्न सञ्चारमाध्यमहरुमा समाचार प्रकाशित हुने क्रम जारी रहेको छ । प्राप्त समाचारअनुसार बेलौरी नगरपालिका १० सडक घाटमा सडक फराकिलो पार्ने क्रममा एसएसबीले हस्तक्षेप गरी रोकेको वडाअध्यक्ष हरिलाल चौधरीले जानकारी गराएका छन् । उनले 'हामीले आफ्नै भूमिमा सडक फराकिलो पार्ने काम गरिरहँदा बिनाकारण एसएसबीले रोक्यो' भनेका छन् । नगरपालिकाले केही दिन अगाडिदेखि सडकघाटमा निर्माण कार्य गरिरहेको थियो । उक्त ठाउँमा चार मिटर चौडा मात्र सडक रहेको र त्यसलाई आठ मिटर चौडा पार्ने काम भइरहेको थियो । अब १५ मिटर सडक चौडा बाँकी ८ पेजमा

## भ्रष्टाचारको पहिरोमा सिग्देल र कार्की





काठमाडौं । प्रधानमन्त्री पत्नी आरजु राणालाई करोडौंको थैली बुझाएर सडक विभागको महानिर्देशकमा पदासीन भएका गोपाल सिग्देल अब बन्ने नयाँ सरकारलाई कसरी प्रभावित पार्न सकिन्छ भन्ने सूत्रको खोजीमा सक्रिय रहेको स्रोतले उल्लेख गरेको छ ।

विगतमा केन्द्रीय स्तरका ठूलठूला सडक योजनाहरुमा सीमित ठेकेदारलाई मात्र प्रतिस्पर्धा गर्न मिल्ने गरी अर्बौं अर्बको ठेक्का सेटिङ गरी प्रम पत्नीसहित मन्त्री, सचिवलाई ट्रलीमा पैसा बुझाउने महानिर्देशक सिग्देल अहिले भावी प्रधानमन्त्रीका रुपमा हेरिएका केपी ओली र अब बन्ने भौतिक योजनामन्त्रीसमक्ष पुग्ने भरपर्दो स्रोतको खोजीमा रहेका छन् ।

आगामी आब ०७५।७६ सम्म सडक विभागको महानिर्देशक पदमा रहिरहन पाए एमालेलाई ९ डिजिटको सहयोग पुऱ्याउने आश्वासन दिँदै सिग्देलले आफ्नो विरोधमा कलम चलाउने केही चल्तीका वाम अखबारलाई पनि ६ अंक माथिको टिप्सले झटारो हान्न सुरु गरिसकेका छन् । अहिले महानिर्देशक श्रेष्ठमाथि धरान-चतरा-गाईघाट सिन्धुली-हेटौंडा सडक, हुलाकी राजमार्ग आयोजना, पुल आयोजना, सम्भार बाँकी ८ पेजमा

## एकत्व पृथकत्व र बहुधा आदि



जगदीश लामिछाने
रौतहट, पौराई

जसलाई हामी दलित भन्छौं उनी आफ्नै हैसियत बढेपछि त्यो शब्दलाई नै कस्तो कस्तो मान्छन् । वास्तवमा मह पुजायाम जस्तो त्यो शब्द भएन । आदरणीय भएन । अल्पसंख्यक पनि आरक्षितभन्दा संरक्षित हुन मन पराउने नै भए । अहिले ८६००० निजामतीमा १९००० त महिला मात्र भए भन्ने तथ्यांक सुनाइन्छ अब त्यहाँ महिलाको आकर्षण घट्न लाग्यो भनिन्छ । शिक्षित महिला त बढेकै छन् । वैदेशिक रोजगारीमा जाने महिला घट्नुमा महिलाका आफ्नै बाध्यता हुँदो हो । यथार्थमा यो कष्टप्रद नै हो । वास्तवमा अल्पसंख्यक, दलित महिला र अपांग आदिलाई आरक्षण होइन संरक्षण चाहिन्छ । आफ्नै क्षमता विकसित गर्न पाउने अवस्थाको आवश्यकता पर्छ । यस्तै हुनु हाम्रा पुराना युगका प्राविधिकलाई अब दलित होइन कुनै आदरणीय शब्द दिनुपर्छ । शक्तिले एकत्व, पृथकत्व बहुधा र विश्वतोमुख चहारिरहेको हुन्छ । मान्छेको जातले त्यही पछ्याएर राष्ट्र र समाजहरुमा व्यवहार गर्दा परिवर्तन पनि गरिरहन चाहन्छ । त्यही क्रममा शिक्षाले आफैं बाहक भइदिनुपर्छ । ज्ञानमय बनिदिनु पर्छ । प्रविधिमय हुनु पनि आवश्यकै पर्छ । त्यस्तो नहुनु दुःखदायी हो, परिवर्तनीय नै हो । नेपालीहरुले परिवर्तन मागेकै हुन् ।

१. एकत्व : शिक्षाकै कुरा गरौं वैदेशिक यात्रा अध्ययन आदिको निम्ति अंग्रेजी आदि चाहिए पनि आफ्नै मातृभाषामार्फत त्यो चिरस्थायी हुन्छ । शिक्षाविद्हरुले राष्ट्रभाषा शिक्षा खस्किएको देख्दा अचम्म मानिँदैन । अब अंग्रेजी भाषा शिक्षा प्राप्तिमै पनि मातृभाषाको ज्ञान आवश्यकै छ भनी ब्रिटिस काउन्सिलले भन्दा त मानिनु पर्ने हो । मातृभाषाहरुको माउ संस्कृतलाई हेला गर्नेहरुले क्षणिक आफ्ना लठैत संगठनहरु विश्वविद्यालयहरुमा राख्न तँछाडमछाड गर्ने राजनीतिक नेताहरुमा आफ्नै हित चेतना पलाउनै दिनुपर्छ । नेपालमाताको हित उदाइनुपर्छ । अनिमात्र यो समाजको एकत्वको जोरन फेला पर्छ । विद्या क्षेत्रहरुमा भ्रष्टीकरण हट्नैपर्छ । बौद्धिकता उदाइनै पर्छ । सर्वप्रथम आफ्ना बालबालिकामा आफैं भएर हेरौं । अबदेखि समग्र बालबालिकाहरुलाई आरक्षण होइन संरक्षण दिने गरौं हित पस्कने गरौं । एकत्वलाई विकृत रुपमा अन्य संहारकारी अर्थ लगाएर अनर्थ नगरौं । मेलकतत्व मात्र खोजौं । सबैतिर समन्वय मात्र रोजौं ।

२. पृथकत्व : वास्तवमा पृथकत्वलाई ठाउँ दिनै हुन्न । विश्वभरको स्थितिमा आफ्नै नेपालको १० वर्ष माओवादीको हिंसात्मक घटना र २००७ को अन्तरिम विधानमा भएको संविधानसभाको कारणले पनि नेपालले धेरै दुःख पाएको छ । यसै अवधिमा विश्वका मै हुँ भन्नेहरुले छिमेकीलाई सघाएका हुँदा यो देशका धेरै ठाउँका सैनिक पोस्टहरु २०२७ वि.सं.मा नै हटाइए र अब पनि परास्त हुने नै छ । बाँकी ८ पेजमा




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाई

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सम्पादन सहयोगी
घनश्याम ओली/गोविन्द विक

बजार व्यवस्थापन
रामशरण रिमाल/धर्मराज पौडेल

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

## सहिदको बलिदानको सम्मान गरौं

सदाझैं यसपटक पनि माघ १६ गते सहिदहरूलाई सम्झिने काम भयो । सहिद शब्द आफैंमा गरिमामय र गौरवपूर्ण भए तापनि अहिले यसको अवमूल्यन गर्ने कार्य भइरहेको छ । लोकतन्त्र र जनाधिकारका लागि तानाशाही राज्यसत्तासँग संघर्ष गरेर प्राणको बलिदानी दिनेहरू नै सहिदको ओजपूर्ण शब्दबाट सम्मानित हुन्छन् । अहिले सहिदको अपमान र अवमूल्यन गर्ने कार्यमा राज्य र राजनीतिक दलहरू नै लागिरहेका छन् ।

हाम्रो देशको सन्दर्भमा सहिदको चर्चा गर्नेबित्तिकै विक्रमसंवत् १९९७ सालतर्फ फर्कनुपर्ने हुन्छ । तत्कालीन राणा सरकारको निरंकुशतन्त्रका विरूद्ध प्रजातन्त्रको लागि संघर्ष गर्ने चारजना बहादुर युवाहरूलाई राणाशाहीले हत्या गरेको थियो । शुक्रराज शास्त्री र धर्मभक्तलाई फाँसीमा झुण्ड्याइएको थियो भने गंगालाल श्रेष्ठ र दशरथ चन्दलाई गोली हानी हत्या गरिएको थियो । यी चारजना अगुवा सहिदहरूका बारेमा स्कुल कलेजका पाठ्यक्रमहरूमा पनि राखिएको हुनाले प्रायःजसोलाई जानकारी छ । त्यसैगरी यी वीर सहिदहरूको नाममा विभिन्न ठाउँमा विद्यालय, कलेजहरू समेत स्थापित भएका छन् । त्यसैगरी २०१८ सालतिरै सहिदगेट स्थापना गरेर चारजना सहिदको सालिक राखिएको छ । चार सहिदको सबैभन्दा माथि तत्कालीन राजा त्रिभुवनको सालिक राखियो भन्नेबारेमा विवाद समेत उत्पन्न भएको थियो । २०१८ देखि २०६२।०६३ सम्म विश्वभरदेखि नेपालको औपचारिक भ्रमणमा आउने राष्ट्र प्रमुख र सरकार प्रमुखहरूलाई सहिदगेट पुऱ्याएर पुष्पगुच्छा अर्पण गराउने चलन थियो । अहिले त्यो प्रचलन पनि हराइसकेको छ । माघ १६ मा सहिदगेट पुग्ने विभिन्न समूहले सहिदगेटप्रतिको सरकारी बेवास्ताको आलोचना गर्दै सरकारले पुनः सहिदगेटमा सहिद दिवसको औपचारिक कार्यक्रम गरोस् भन्ने माग गरेका छन् ।

विभिन्न कालखण्डमा निरंकुशताविरूद्ध भएका आन्दोलनमा सहिद हुनेको संख्या लामै छ । २००७ सालको आन्दोलन होस् या त्यसपछिको २०१५ सम्मको अन्यौलपूर्ण अवस्था, २०१७ देखि ०४६ सम्मको पञ्चायती कालरात्रिको समयमा दर्जनौं नागरिकले बलिदानी दिएका थिए । पञ्चायती सरकारले झापाको सुखानी, धनकुटाको छिन्ताङ, ओखलढुंगाको टिम्मुरबोटे, सिन्धुपाल्चोकको पिस्कर लगायतका ठाउँमा जनहत्याका श्रृंखला नै चलाएको थियो । २०४६ को जनआन्दोलन त्यसपछि भएको माओवादी जनयुद्ध र ०६२।६३ को दोस्रो जनआन्दोलनमा समेत धेरै नेपाली छोराछोरीले प्राणको आहुती दिए । हजारौंको बलिदानीपछि मुलुक संघीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरेर अहिले संघीयता कार्यान्वयनका विभिन्न चरणहरू पूरा हुने क्रममा छन् ।

सहिदको अपमान र सहिदको योगदानलाई होच्याउने र अपमानित गर्ने कहीँ कतैबाट गरिनु हुन्न । तर अहिले पैसाका लागि दुर्घटनामा मरेका र आपसी झगडामा मरेकालाई समेत सहिद घोषणा गर्ने र गराउने क्रम चलिरहेको छ । यस्ता १० लाखे सहिदहरूले जनता र देशको वास्तविक परिवर्तनको लागि, मुक्तिका लागि रगतको खोलो बगाएर प्राण आहुती गर्नेहरूको गुरूत्वलाई घटाउने काम गरिरहेको छ । जथाभावी सहिद घोषणा गर्ने र राष्ट्रको ढिकुटीबाट पैसा बाँड्ने काम बन्द गरिनुपर्छ । वास्तविक सहिदहरूको सपना साकार पार्ने दिशामा देश, देशबासी, राजनीतिक दल, सरकार सबैको ध्यानाकर्षण हुन जरूरी छ । सहिदको बलिदानीबाट प्राप्त भएका लोकतान्त्रिक हक अधिकारको रक्षा गरी मुलुकमा शान्ति, स्थायित्व र प्रगतिको सदासर्वदा बहालि गराउने काममा सम्पूर्ण देशबासीको ध्यान जान जरूरी छ । अनि मात्र सहिदहरूप्रति सच्चा श्रद्धाञ्जली प्रकट गरेको ठहरिनेछ ।

# ग्रेटर नेपालको संभावना र युवाहरूको दायित्व

**सुरेन्द्र ढकाल**
पोलिटब्युरो सदस्य
(नेकपा माले)



एकतर्फी रुपमा लादिएको सन् १८१६ को सुगौली सन्धिको कारण नेपालले महाकाली र सतलज नदीबीचको पश्चिमी पहाडी भूमि, मेची र टिस्टा नदीबीचको पूर्वी पहाडी भूमि र दक्षिणमा गंगासम्मको समतल भूमिलाई गुमाउनु परको थियो यद्यपि नेपालले भारतीय राज्यहरुले जस्तो पूर्णरुपमा उपनिवेश हुनु भने परेन । यो नै समस्त नेपालीको गौरवको विषय हो ।

३ लाख वर्गमिटर पुगेको ग्रेटर नेपालको क्षेत्रफल आधाभन्दा बढी घटेर १ लाख ४७ हजार वर्गमिटरमा झरेको कारण लागेको घाउ सजिलै निको हुने कुरा पनि भएन । भीमसेन थापा र माथवरसिंह थापाले भारतबाट अग्रेजलाई लघारेर ग्रेटर नेपालको भूमि फिर्ता लिने अभियानलाई आफ्नो जीवनकालसम्म कायम राखे तापनि त्यो सफल हुन सकेन । कालान्तरमा दुवै षडयन्त्रको सिकार बने । ग्रेटर नेपाल पुनर्प्राप्ति गर्ने कार्य यथार्थमा परिणत हुन सकेन ।

सन् १८५७ मा भारतका स्थानीय सैनिकहरुले अंग्रेजविरुद्ध विद्रोह गरे । विद्रोह दबाउन नसकेपछि अंग्रेजले नेपालको सहयोग माग्यो । प्रधानमन्त्री जंगबहादुरले आफ्नै नेतृत्वमा ६ रेजिमेन्ट गोर्खाली सेना लिएर गई विद्रोह राम्ररी दबाइमात्रै दिएनन् उनीहरुले लखनौ राम्रै लुटे । जंगबहादुरको कार्यबाट खुसी भएको अंग्रेजले सुगौली सन्धिबाट लुटेर लिएको नेपाली भूभागमध्ये हालको बाँके बर्दिया कैलाली कञ्चनपुर नेपाललाई फिर्ता दियो । यसलाई नयाँ मुलुक भन्दै जंगबहादुर यही मुलुकको राजा बनी श्री ३ कहलाइए ।

नयाँ मुलुक प्राप्तिपछि ग्रेटर नेपालको सम्पूर्ण भूमि प्राप्त गर्ने अभियानले विश्राम लियो । स्थानीय भारतीय सैनिकले फेरि पनि विद्रोह गर्ला भन्ने त्रास अंग्रेजमा थियो नै । त्यसैले गर्दा अंग्रेजले आफ्नो रायको सुरक्षाको लागि स्थायी रुपमा भारतमा गोरखा सैनिक राख्ने प्रस्ताव राख्यो । सो प्रस्तावलाई तत्कालिन प्रधानमन्त्री वीरशमशेरले माने । जस्को फलस्वरुप भारतमा अंग्रेजको औपनिवेशिक राजको आयु लम्बियो । तर भारतको स्वतन्त्रताको आन्दोलन भने रोकिएन ।

जसरी जंगबहादुरले अंग्रेजलाई सन् १८५७ मा सहयोग गर्दा भारतमा अंग्रेज राजको आयु ९० वर्ष लम्बियो, नेपालले नयाँ मुलुक फिर्ता पायो, त्यसै गरी भारतमा अंग्रेज रहुञ्जेल नेपालमा राणाशासन अन्त्य नहुने देखेर नेपाली नेता भनाउँदाहरु महात्मा गान्धीको पुच्छर बनी भारतीय स्वतन्त्रता आन्दोलनमा सामेल भए, सन् १९४७ मा भारत अंग्रेजको उपनिवेशबाट मुक्त भयो । स्वतन्त्र भारतले सन् १९५० मा नेपालसँग सन्धि गऱ्यो । यो सन्धिको धारा ८ ले नेपालले अंग्रेजसँग गरेका सबै सन्धिहरुलाई खारेज गरेपछि सुगौली सन्धि पनि खारेजीमा परी नेपाली सीमा फेरि फैलिएर पूर्वमा टिस्टा, पश्चिममा काँगडा र दक्षिणमा गंगासम्म पुग्यो । तर विडम्वना, राणा, राजा अनि राजनीतिक नेता भनाउँदा भतुवाहरुले आफ्नो भूमि भारतसँग फिर्ता माग्ने हिम्मत नगर्दा अहिले पनि त्यो नेपाली भूमिलाई भारतले उपनिवेश बनाइरहेको छ जुन संयुक्त राष्ट्र संघको कुनै पनि देशको भूभाग उपनिवेश बनाउन नपाइने अन्तर्राष्ट्रिय महासन्धि विपरीत पनि छ । यस महासन्धिअनुसार भारतले ती इलाका नेपाललाई निशर्त फिर्ता गर्नुपर्दछ ।

राणा, राजा तथा नेता भनाउँदाहरुले ग्रेटर नेपालको भूभाग फिर्ता नमाग्दा राष्ट्रवादी नेपाली जनता किन चुप लागेर बसे त ? किनभने २००७ देखि २०१७ सालसम्म बनेका सबै संविधानहरुमा देशको सार्वभौमसत्ताको अधिकारी राजा हुनेछ भनेर उल्लेख गरी नेपाली जनतालाई रैतिको हैसियतमा राखिएको थियो । २००७ सालमा गद्दी छोडेर हिँडेका राजा त्रिभुवनलाई भारतले नै पुनः गद्दीमा आसिन गराएपछि उनले ग्रेटर नेपाल माग गरी भारतलाई चिढाउन चाहने कुरै भएन । सन् १९६२ को भारत चीन युद्धको मौका छोपेर चाइना कार्ड प्ले गरी राजा महेन्द्रले नेपालमा पंचायत व्यवस्था लागू त गरे तर भारतको निरन्तर समर्थन विना पंचायत नचल्ने देखेर सन् १९६५ मा यदुनाथ खनाललाई भारत पठाई भारतसँग गोप्य सैनिक सन्धि गरे । जसअनुरुप नेपालले हातहतियार लगायत सैनिकको पेटी जुत्ता र टोपी किन्दा समेत भारतबाट किन्न पर्ने र तेस्रो देशबाट किन्दा भारतको अनुमती लिएर भारतीय भूमि भएर मात्रै नेपाल भित्र्याउन पाउने व्यवस्था गरी पंचायत व्यवस्थालाई भारतबाट मान्यता दिलाउन उनी सफल भए । देशको स्वाभीमानलाई बन्धक राख्ने यस्ता राजाले भारतसँग ग्रेटर नेपाल माग्ने हिम्मत गर्ने कुरा पनि भएन । हुन त उनको राज्यकालमा नेपालको उत्तरी सीमाबाट भारतीय चेक पोस्ट हटाएको र कोदारी राजमार्ग खोली चीनसँग प्रत्यक्ष यातायात सम्वन्ध कायम गरेकोमा राजा महेन्द्रलाई महान राष्ट्रवादी मान्ने नेपाली जनता पनि छन ।

२०२८ सालमा महेन्द्रका छोरा वीरेन्द्र राजा बने । त्यतिखेर सोभियत संघसँग २० वर्षे सैनिक सन्धि गरी उन्मत्त भएको भारतले चीनकै अगाडि पाकिस्तानलाई विखण्डन गरी बंगलादेश बनाइदियो, सिक्किमलाई भारतमा विलय गराइदियो । यसो गर्दा तत्कालिन भारतीय प्रधानमन्त्री इन्दिरा गान्धीले दक्षिण एसियामा नै भारतलाई दादाको रुपमा स्थापित गर्न सफल भइन् । भारतको त्यस कार्यले भर्खरै राजा बनेका र सन् १९६५ को गोप्य सन्धिबारे थाहा नपाएका राजा वीरेन्द्रको सातो गयो । ग्रेटर नेपाल भारतसँग फिर्ता माग्ने कुरा त उनले सपनामा पनि सोच्न सकेनन । भएकै नेपाल र पंचायत व्यवस्थालाई कसरी जोगाउने भन्ने कुरामा उनी केन्द्रित भई अन्तर ष्ट्रिय स्तरमा नै भारतलाई एक्लाउने र पंचायत व्यवस्थालाई झनै दह्रो बनाउने उद्देश्यले आफ्नो राज्याभिषेकको अवसर पारी नेपाललाई शान्ति क्षेत्र घोषणा गरियोस् भन्ने प्रस्ताव विश्वसमक्ष राखे । चीन अमेरिका जापान, बेलायत फ्रान्सलगायत विश्वका जति जति राष्ट्रले उक्त प्रस्तावलाई मान्यता प्रदान गर्दै गए नेपाललाई कलान्तरमा सिक्किम बनाउने उद्देश्य बोकेको भारत नेपाल दरबारसँग त्यति नै नराम्ररी चिढियो । दिल्ली दरबार र नेपाल दरबारबीचको सम्बन्ध चिसिँदै जाँदा इन्दिरा गान्धी र उनका छोरा राजिव गान्धीको क्रमशः सिख र तामिलले हत्या गरिदिएपछि नेपालको दरबारको उक्त हत्यामा हात भएको भारतीय पत्रपत्रिकाहरुले लेख्न थाले । भारत नेपाल दरबारविरुद्ध मैदानमै उत्रियो । भारतसँग घुँडा टेक्नुभन्दा नेपाली जनतालाई राजनीतिक अधिकार दिने क्रममा राजा वीरेन्द्रले २०३६ सालमा जनमतसंग्रह र २०४६ सालमा बहुदलीय व्यवस्था पुनर्स्थापन गरिदिए । बहुदलीय व्यवस्थाको पुनर्स्थापनासँगै तत्कालिन राजनीतिक दलहरुले नेपाललाई शान्तिक्षेत्र बनाउने प्रस्तावको उच्चारणसम्म गर्ने आँट गरेनन् ।


बहुदलीय व्यवस्थालाई वैधानिक रुपबाट संस्थागत गर्न २०४७ सालमा संविधान बनाइ जारी गरियो । यो संविधानले नेपालको इतिहासमा पहिलो पटक राजामा निहित सार्वभौमसत्ताको अधिकार नेपाली जनतालाई प्रदान गऱ्यो । यही अधिकारको प्रयोग गर्दै यस पंक्तिको लेखकले तत्कालिन मासिक पत्रिका रंगमचमा ऐतिहासिक ग्रेटर नेपालको नक्सा प्रकाशित गरी ग्रेटर नेपालको आन्दोलन सुरु गऱ्यो । यस आन्दोलनलाई तत्कालिन प्रधानमन्त्री गिरिजाले मानसिक रुपमा असन्तुलित पागल प्रलाप भने । त्यसको ठीक विपरीत एमालेका महासचिव मदन भण्डारीले भने यो आन्दोलन चर्किंदै गयो भने उक्त भूभागमा बस्ने नेपालीबीच जनमत गराई यस मुद्दको छिनोफानो हुनुपर्दछ भनी रगमंच पत्रिकालाई अन्तर्वार्ता दिए । यो अन्तर्वार्ताको प्रकाशनसँगै यसले ठूलो हुरी ल्यायो । ज्योतिवसु, सुभाष घिसिङहरुले नेपालका वामपन्थीहरु ग्रेटर नेपाल बनाउन लागिपर्ने भए भनी हल्लीखल्ली मच्चाउन सुरु गरे । दिल्लीमा रहेको भुटानी दुतावासले नेपालका वामपन्थीहरुले महानेपाल बनाउन लागे भनेर पर्चा निकाल्यो अनि त्यसैको दुई महिनापछि भारतको इसारामा भुटानले एक लाखभन्दा नेपालीलाई देश निकाला गरी नेपालमा शरणार्थी बनाइदियो । भारत र भुटानले यस्तो कार्य गर्दा अन्तर्राष्ट्रिय जगत मौन रह्यो ।

मदन भण्डारी बाँचिरहेमा ग्रेटर नेपाल बन्ने अनि त्यस्तो नेपालको पूर्वी सीमाले बंगलादेश र पश्चिम सीमाले पाकिस्तान छुने भएपछि नेपाली माटो प्रयोग गरी तिब्बतलाई स्वतन्त्र बनाउन नसकिने देखेर अमेरिकी र भारतीय गुप्तचर संस्थाको मिलोमतोमा प्रधानमन्त्री गिरिजा र गृहमन्त्री शेरबहादुरले एमालेभित्रकै रअका एजेन्टलाई प्रयोग गरी भण्डारीलाई दाशढुंगामा लगेर खसालेर मारिदिए । खास अर्थमा मदनको सही हत्यारा एमालेभित्रै छ भन्ने कुराको प्रमाण भनेको एमालेबाट चार जना प्रधानमन्त्री र उनै भण्डारीको विधवा देशको राष्ट्रपति भइसक्दा पनि हत्यारा पत्ता लगाउन नचाहनुले स्पष्टै गर्दछ । झन् एकमात्र हत्याको साक्षी अमर लामालाई समेत माओवादीले हत्या गर्नु अनि त्यही माओवादीसँग एमालेको पार्टी एकता हुनुले यिनीहरु हत्यारा हुन् भन्ने कुरा झनै प्रष्ट भएको छ ।

मदन भण्डारीको हत्यापछि भारत समर्थित दलहरुकै नेपालमा बोलवाला रह्यो तर तत्कालिन संविधानअनुसार संबैधानिक बनेका राजा वीरेन्द्रले नेपालमा रहेका एक करोड भारतीय आप्रवासीहरुलाई नेपाली नागरिकता प्रदान गर्ने नागरिकता विधेयकमा लालमोहर लगाउन मानेनन् र रायको लागि भन्दै सर्वोच्च अदालत पठाउन थालेपछि नेपालको राजसंस्थालाई खतम नगरी नेपाललाई सिक्किम बनाउन नसक्ने देखेर आफ्नो देशमा माओवादीलाई तह लगाउन नसक्ने भारतले एकातर्फ नेपालमा माओवादी जनयुद्धको उठान गऱ्यो भने अर्कोतर्फ भण्डारीलाई जस्तै षडयन्त्र गरी दरबार हत्याकाण्ड रचाइ वीरेन्द्रको वंश विनाश गरी त्यसको दोष ज्ञानेन्द्रको थाप्लोमा हालिदिन सफल भयो । हो न हो दाजुको वंशको हत्यारा ज्ञानेन्द्र नै हुन् भनेर नेपाली जनताले पत्याए । तर दाजुकै शैलीमा जब ज्ञानेन्द्रले पनि नागरिकता विधेयकमा लालमोहर लगाउन मानेनन्, दलहरुलाई निस्तेज गर्दै शासन आफैंले लिई महेन्द्रकै पारामा पंचायत सुरु गर्ने छनक दिए, काठमाडौंमा रहेको दलाई लामाको कार्यालय बन्द गराए अनि सार्कमा चीनलाई पनि सामेल गर्नुपर्छ भनी वकालत सुरु गरेपछि भारत र अमेरिकाको लागि ज्ञानेन्द्र त झन् वीरेन्द्रभन्दा खतरनाक सावित हुन पुगे । यद्यपि यिनले पनि ग्रेटर नेपालको पक्षमा भने कहिले बोल्ने हिम्मत गरेनन् । तैपनि भारतीय गुप्तचर संस्था रअले यिनलाई सहेन । रअकै अगुवाई भएको १२ बुँदे सम्झौता कार्यान्वयन हुँदै जाँदा ज्ञानेन्द्रले गद्दी त्याग गर्नु पऱ्यो । नेपाल गणतन्त्रमय बन्यो ।

नेपाल गणतन्त्र बनिसक्दा पनि नेपालको राजनीतिमा रअको पकड झनै बलियो रहेको छ । यही रअका एजेन्ट भएका राजनीतिक दलहरुलाई नेपाली जनताले बहुमत दिलाई शासकीय दल बनाउनुले ग्रेटर नेपाल बन्ने सम्भावना कमै छ । नेपालमा सच्चा राष्ट्रवादीको सरकार बनी ग्रेटर नेपाल बन्दा मात्र तिब्बत सुरक्षित हुन्छ भन्ने कुरा चीनले बुझिसकेको अवस्था छ । भारतको भन्दा एक दुई प्रतिशत मात्रै नेपालको आर्थिक वृद्धि भई भारतभन्दा नेपाल समृद्ध हुने हो भने हामीले नआइज भने पनि टिस्टा काँगडाका जनता सीमा भत्काई नेपाल आइहाल्छन् जसरी पूर्वी जर्मनीभन्दा पश्चिम जर्मनी समृद्ध भएको कारण पूर्वी जर्मनीका जनताले बर्लिनको पर्खाल भत्काइ जर्मनीको एकिकरण जनस्तरबाटै गरे । समृद्ध भएपछि आफ्नो भूमि फिर्ता लिन सकिन्छ भन्ने उदाहरण चीनले हङकङ, मकाउ र भारतले गोआ फिर्ता लिएको प्रमाणले नै देखाउँछ ।

भण्डारी हत्यापछि एमालेमा रअ हावी भएको र नेपालका कुनै पनि संसदीय र गैरसंसदीय दलहरुले ग्रेटर नेपालको मुद्दा नबोकेको कारण यस पंक्तिका लेखकले आफ्नै लगानीमा २०६८ सालदेखि ग्रेटर नेपाल साप्ताहिकको प्रकाशन सुरु गरेको र आफ्नै अध्यक्षतामा २०७० सालदेखि देशभक्त पर्यावरणीय सामाजिक मोर्चा नामक राजनीतिक दल बनाइ सडक तताउँदै संविधानसभाको चुनावमा भाग लिएको थियो । राष्ट्रघाती, भ्रष्टाचारी असक्षम ठूला राजनीतिक दल भनाउँदाहरुले नयाँ दललाई माइनस गर्ने निर्वाचन कानुन बनाई राजनीतिक कार्टेलिङ गरेको हुँदा मेरो नयाँ दलले आशातित सफलता हासिल गर्न नसकेपछि भएकै राष्ट्रवादी दलसँग पार्टी एकता गरी ग्रेटर नेपालको मुद्दालाई मूल राजनीतिक मुद्दा बनाइ अगाढि बढ्ने उद्देश्यबमोजिम राष्ट्रवादी नेता सीपी मैनालीले नेतृत्व गरेको नेकपा मालेसँग मेरो दल एकिकृत हुन गयो । यसो गर्दा हामीले अब ग्रेटर नेपालको मुद्दालाई सडक र सदन दुवै ठाउँमा उठाउने गरी मालेको घोषणा पत्रमा जनतासमक्ष प्रतिबद्धता समेत जाहेर गरी चुनावमा होमियौं । तर हिजो मदन भण्डारीको हत्या गर्ने, महाकालीमा राष्ट्रघात गर्ने, महाकालीबाट नेपालले वर्षको एक खरब बीस अरव कमाउँछ, हामीलाई विद्युत बढी भई स्याटेलाइटबाट विद्युत निर्यात गर्छौं भन्ने बकम्फुसे कुरा गर्ने, राष्ट्रघाती र भ्रष्ट एमाले र यसको गठबन्धनमा आएको लेण्डुपे दल माओवादीको नक्कली राष्ट्रवादलाई नै नेपाली जनताले पत्याएको कारण नेपाली राष्ट्रवाद फेरि पनि भीरउन्मुख गएको छ । पाप धुरीबाट कराउँछ भन्ने यर्थाथ हेर्न धेरै समय कुर्नु पर्दैन भन्ने कुरा भर्खरै भारतले छपकैयामा मिचेको नेपाली भूमिले प्रष्ट्याएकै छ । हिजो नक्कली राष्ट्रवादको नारा दिई चुनाव जित्नेहरु भारतले भूमि मिचिरहँदा भारतीय दुतावासमा लञ्च गरिरहेको भेडा होइनन भने सचेत मतदाताहरुले देखेको हुनु पर्दछ । जुन दिन नेपाली जनता साँच्चिकै सचेत हुनेछन् त्यो दिन रहने ठूलो राजनीतिक दल भनेको माले मात्रै हुनेछ जसले रअको नेपाली एजेन्टहरुलाई सखाप बनाउँदै भारतलाई १४ टुक्रामा विखण्डन गर्दै स्वतस्फूर्त रुपमा ग्रेटर नेपालको निर्माण गर्ने छ । तसर्थ आजका राष्ट्रप्रेमी युवाहरुको ठूलो जिम्मेवारी भनेको देशभित्रै रही काम गरी देशलाई समृद्ध बनाउँदै लगी ग्रेटर नेपाल निर्माण गर्नु हो । यसको लागी नेकपा माले समर्थित विद्यार्थी युनियनलाई राष्ट्रवादी विद्यार्थीहरुको साझा मञ्च बनाउन सक्नुपर्दछ ।



# मैले देखेको एकतीसौं विश्व सम्पदा :
# लुबेकको हान्जेआटिक सहर

सुरेन्द्र ढकाल


लुबेकको होल्स्टाइन गेट


लुबेकको टाउन हल


लुबेकको सेन्टमेरी चर्च


लुबेकको ट्राभे नदी


पूरै लुबेक सहर यस्तो देखिन्छ


सोह्रौं शताब्दीमा लुबेक


होल्स्टाइन गेटअगाडि सुरेन्द्र सन् १९८८ मा

दिनभर लाबोएको पनडुब्बी म्युजियम हेरिसकेपछि बेलुकी म लुबेक फर्किएँ । त्यस दिन आनेटको परिवारलाई नेपाली खाना भात दाल तरकारी पकाइ खुवाउने कार्यक्रम रहेको हुँदा नजिकै एसियन पसलमा गएर चामल, आलु, काउली, मुसुरोको दाल, अदुवा, हरियो धनिया, गोलभेडा, सुकेको लसुन, प्याज र जिराको धुलो किन्ने काम आनेट र मैले सँगसँगै गऱ्यौं । किनमेल गरेर घर फर्कंदा बेलुकीको ६ बजिसकेको थियो । घर पुग्नासाथ म सिधै भान्सातिर लागेँ र दाल बसालिहालेँ । त्यसपछि आलु र काउली काटेर ओइरिएँ । दाल पाकेपछि बटरमा प्याज फुराइ झानेँ र अलिकति हरियो धनिया काटेर हालेँ । अनि नुन ठीक छ कि छैन भनी चम्चाले दाल चाख्दा ठिकै पाएँ । दाल झिकेर भात बसाल्दा तरकारीको पानी मरिसकेको थियो । अनि मैले गोलभैँडा काटेर आलु काउलीमा मिसाएँ र त्यसको एक क्षणपछि लसुन, अदुवालाई जिराको धुलोसँगै मिलाएर तरकारीमा हालेँ । केही समयपछि तरकारी पाक्यो । मैलै पकाएको तरिका आनेटले अनौठो मानी हेरिरहेकी थिइनँ । मलाई भने कतै खाना नमिठो पो हुने हो कि उनीहरुलाई भन्ने लागेको थियो । भात पाक्नासाथ गहिरो प्लेटमा तात्तातो भात त्यसको बीचमा दाल र छेउमा तरकारी राखेर यसरी नेपालीहरु खान्छन् भनेर आफूले हात धोइ हातले खाने तरिका देखाएँ । आनेट र उनको श्रीमान्ले मैलै जस्तै हात धोइ हातैले भात खान सुरु गरेँ । उनीहरुलाई नेपाली खाना मिठो लागेको कारण थपेर खाए र बाँकी केही रहेन । मिठो लागेकै कारणले होला आनेटले पकाउने सबै प्रक्रिया र मात्रा आफ्नो डायरीमा लेखिन् र हरेक हप्ता एक पटक नेपाली खाना पकाइ खाने उनीहरुले मलाई बताए । खाना खाएपछि इटलीमा पढ्न बस्दाको बेलाको रमाइला कुरा गरियो र ९ बजे हामी सुत्नतर्फ लाग्यौं ।

भोलिपल्ट बिहान आनेटले ब्रेक फास्ट बनाइन् । शुक्रबारको दिन परेको थियो । आनेटले मलाई लुबेक सहर देखाउन भनी कामबाट एक दिनको लागि भनेर विदा लिइकी थिइन् । ब्रेकफास्टपछि उनको श्रीमान् कामतर्फ लागे अनि आनेट र म चाहीँ हिँड्यौ लुबेक सहर हेर्न ।

### लुवेकको हान्जेआटिक सहर

लुबेक उत्तरी जर्मनीको स्लेसभिग होल्स्टाइन राज्यको एक सहर हो । ट्राभे नदीको किनारमा रहेको यो सहर जर्मनीको धेरै चालुमध्ये एक समुद्री बन्दरगाह पनि हो । रातो इँटाले गोथिक शैलीमा मात्रै बनाइएको हान्जेआटिक लिग (संघ) को यो एक प्रमुख सहर युनेस्को विश्व सम्पदा सूचीमा रहेको छ र यहाँको जनसंख्या दुई लाखभन्दा केही बढी छ । पुरानो सहरको चारैतिर ट्राभे नदी भएको हुँदा यो सहर टापु जस्तो देखिन्छ । वाल्टिक समुद्रको किनारमा रहेको यो सहरबाट पानीजहाज चढी जर्मनीको हाम्वर्ग र डेनमार्कका विभिन्न सहरहरु पुग्न सकिन्छ । यो सहर विश्व प्रसिद्ध हुनुको कारण यसको स्थापना गर्ने कार्य इशापूर्व ९७०० मा हुनु र नव पाषाण युगीन सभ्यताको पुरातात्विक प्रमाणहरु यहाँ भेटिनुले पनि हो । पहिला जर्मानिक जातिमात्र रहेको यस सहरमा सन् ७०० तिर आएर स्लाभिक जातिका मानिसहरु होल्स्टाइनको पूर्वतिरबाट आए ।

पवित्र रोमन वादशाह चार्लेमाग्नेले यहाँ क्रिश्चियन धर्म सन् ८०० तिर प्रचार गर्न प्रयास गरेका थिए जस्लाई यहाँका जर्मन साक्सोनहरुले मन पराएका रहेनछन् । त्यही कारण वादशाहले साक्सोनहरुलाई लखेटी पोलावियन स्लाभहरुलाई त्यहाँ बसोबास गराउन भनेर लुवेक सहर बनाउने कार्य गरेका रहेछन् र १० औं शताब्दिमा यो ओवोट्रिट महासंघको महत्वपूर्ण बस्तीमा परिणत भई सन् ११२८ मा यहाँ किल्लासहितको दरबार (Castle) बनाउने कार्य भएको रहेछ । सन् ११४३ मा यही टापुभित्र एडोल्फ दोस्रोले जर्मनहरुको लागि भनेर अर्को एक क्यासलसहितको आधुनिक सहरी बस्ती बसाएका रहेछन् । पछि उनले यो सहरी बस्ती सेक्सोनीका ड्युक हेनरी द लिओनलाई बुझाउन परेको रहेछ ।

सन् ११८१ मा हेनरीको पतन भएपछि वादशाह बारवारोसाले यस सहरलाई आफ्नो साम्राज्यको राजधानी बनाएका रहेछन् जुन ८ वर्षसम्म कायम भएको रहेछ । त्यसपछि यो सहरको स्वामित्व सन् ११९२ सम्म साक्सोनीको ड्युकले, सन् १२१७ सम्म होल्स्टाइनको काउन्टले र १२२७ सम्म डेनमार्क अधिराज्यले लिएको रहेछ । १४ औं शताब्दिमा आएर यो सहरको सौन्दर्यलाई मानी हान्जेआटिक लिगको रानी सहर भनेर नामाकरण गरिएको रहेछ । हान्जेआटिक लिगभित्र मध्यकालिन उत्तरी युरोपका नामुद ब्यापारिक संगठनहरु सदस्य रहेछन् जस्ले लुवेकको वन्दरगाहलाई आफ्नो मुख्य ब्यापारिक थलो बनाएका रहेछन् । यसै कारण सन् १३७५ मा सम्राट चार्ल्स चौथोले लुवेक सहरलाई साम्राज्यकै गौरव भनी इटलीको भेनिस, रोम र पिसा सहरको बराबरीमा पुऱ्याएका रहेछन् । उत्तरी युरोपको धेरै महत्वपूर्ण वन्दरगाह भएको कारण हान्जेआटिक लिगमा रहेको लुवेकले पन्ध्रौं शताब्दितिर डेनमार्क र नर्वेसँग युद्ध गर्नु परेको, युद्ध हारेको कारण १६ औं शताब्दिमा गएर स्मालकाल्डिक लिगमा संलग्न हुनु परेको रहेछ । त्यसपछि सन् १६१८ देखि ४८ सम्म भएको ३० वर्षे युद्धमा लुवेक तटस्थ रहँदारहँदै पनि युद्धले पुऱ्याएको क्षतिको कारण हान्जेआटिक लिगको ब्यापारिक क्रियाकलाप घट्दै गई लुवेकको महत्वमा क्रमशः ह्रास हुँदै गएको रहेछ । त्यसो हुँदाहुँदै पनि लुवेक वाल्टिक समुद्रको मुख्य ब्यापारिक वन्दरगाहका रुपमा कायमै रह्यो ।

सन् १८११ मा नेपोलियनले लुवेक जितेर फ्रान्समा गाभेपछि बेलायतसँग कसैले पनि ब्यापार नगर्नु भनी कन्टिनेन्टल सिस्टमको फरमान जारी गरेपछि लुवेकको ब्यापारिक क्रियाकलाप प्रायः शुन्य हुन गयो तर सन् १८१३ मा नेपोलियनको पतनसँगै सन् १८१५ मा बसेको भियना कंग्रेसले कुनै पनि देशको अधिनमा नरहने गरी लुवेकलाई स्वतन्त्र मुक्त सहरको मान्यता दियो । सन् १९३७ मा नाजीहरुले लुवेक सहरलाई जर्मनीमा गाभे र दोस्रो विश्वयुद्धताका लुवेक यसैकारण शत्रुको बमको निशाना बनी आगलागीले ध्वस्त भयो र सन् १९४५ मा बेलायती सेनाले यस सहरलाई आफ्नो अधिनमा लियो । युद्धपश्चात् लुवेकलाई पश्चिम जर्मनीअन्तर्गत राखिए पनि यसको केही भाग पूर्व जर्मनीतर्फ पर्न गएको कारण यस सहरलाई पनि वर्लिन जस्तै शीतयुद्धले पिडा दिएको थियो । युद्धले ध्वस्त भएको लुवेकलाई जिर्णोद्धार गर्न दशकौं लाग्यो ।

लुवेकको मुख्य दर्शनीय स्थलहरुमा होल्सटेन ढोका, सेन्ट मेरी चर्च र टाउन हल रहेका छन् । यस सहरको सुन्दरता भनेको साँघुरा गल्लीसहितको पुरानो मध्यकालिन घरहरु नै हो । पहिले यस सहरभित्र छिर्न चारैतिरका ढोकाबाट सम्भव हुन्थ्यो भने तर अहिले सन् १४७८ मा बनेको होल्स्टेन ढोका र सन् १४१४ मा बनेको वुर्ग ढोकाबाट मात्रै छिर्न सकिन्छ ।

सहरको केन्द्रमा सातवटा चर्च सँगसँगै रहेका छन् भने त्यसमा सबैभन्दा पुरानो भनेको १३ औं र १४औं शताब्दिमा बनेको लुवेक डोम र सेन्ट मेरी चर्च नै हो । क्रिसमस चाडताका यहाँ ठूलो मेला लाग्ने परम्परा छ, जुनबेला यहाँको हस्तकलाका वस्तुहरुको आम प्रदर्शन र बिक्री हुने गर्दछ ।

SOS MANPOWER SERVICE (P) LTD.
www.sosmanpower.org
विश्वसनीय र भरपर्दो वैदेशिक रोजगारक लागि हामीलाई सम्झनुहोस्
ISO 9001 JAS-ANZ
Handphone : 9851024628
G.P.O. Box : 3565, Dhapasi, Kathmandu, Labour Dept. Lic. No. : 80/052/53
Tel : 01 4365986 Fax : 01 4365985, Email : sosierra@wlink.com.np

Load-shedding No Problem
Solar-hybrid inverts are now available with heavy discount
Upto 15KVA
With 24 months Warranty
Sales & services of:
Laptop, Desktop, Printer & Fax, EPABX & Fittings, Inverter & Online UPS, Exide Batteries, Securities & Door Locks, CCTV Camera & Fittings, Biometric Devices & Fittings, Networking & Accessories etc.
B N COMPUTERS INTERNATIONAL
P. O. Box: 10904, New Plaza,Kathmandu, Nepal.
Tel.: 977-1-4444531, 4444532, Fax: 4444532
Cell: 977-9851051003, 9808869062
E-mail: E-mail: crossweb@wlink.com.np,

दाँते सोसाइटी नेपाल
नयाँ बानेश्वरमा इटालियन, अंग्रेजी र जर्मन भाषा सिकी आत्मनिर्भर बनौं ।
फोन : ९८५१०२३६७०, ४४४१८१२

Remember us for the Construction of Private and Public Works
EWES East West Engineering Service Pvt. Ltd.
Consulting Architects, Engineers & Planners
GPO box no : - 8621, Kathmandu Nepal
Phone : +977-1- 4373316 , Fax- 4650203
Website: http://www .ewesnepal .com ä®:
E-mail: info@ewesnepal .com , hbgewe@gmail .com

शीत लहरके समयमे ठण्डीक कारण मनैन् के ज्यान फे जाइ सेकठ ।
ओहेसे,
- डन्डुर हुइना लुग्गक् व्यवस्था करेक परठ ।
- शीत लहरके समयमे घर बाहेर ढेर समय ना बिटाइ, घर बाहेर निकरे परलेसे वा ढेर समय बिटाइ परलेसे डन्डुर हुइना लुग्गा लगाइ ।
- रातीक जुन गुद्री, चद्री जसिन डन्डुर हुइना चिज ओह्री । घरेक भित्तर रातके सुतेबेर जिउक् साथे अनिवार्य रूपमे छाती ओ कपार छोप्ना व्यवस्था करी ।
- शीत लहर चलल समय आगी ताप्के जिउहे डन्डुर बनाइ, छाती ओ कपार हे ठण्डीसे बचइना काम करी ।
- जार मौसममे जिउहे चहना आवश्यक टाटुल खैना चिज खैना बानीक विकास करी ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

आधा आकाश

■ लक्ष्मी बस्नेत

# हिंसाले विदेशिन बाध्य

**नेपालमा हिंसाको पीडामा मल्हम लगाउन विदेश जान चाहे पनि उनीहरूले विदेशमा समेत थप हिंसा खेप्नुपरेका उदाहरण पनि भेटिन्छन् ।**

काठमाडौं । राजधानीमै घर भएकी एक महिला अहिले विदेश जाने अन्तिम तयारीमा छिन् । उनी विदेश जान लाग्नुको कारण हो, पारिवारिक कलह । उनको बिहे गरेको ४ वर्ष भयो । पहिलो वर्ष त श्रीमान्सँग राम्रो सम्बन्ध रह्यो । त्यसपछिका दिनहरूमा आफूलाई श्रीमान्ले गलत रूपमा हेर्न थाले । ‘लोग्नेले नै कुट्न थालेपछि अरूले त जे पनि गर्छन् । हुँदाहुँदा त सासू, ससुरा र आमाजूसमेत भएर कुट्न थाले । दिनदिनै कुटाइ खाएर बस्नुभन्दा बाहिर जान्छु । मरे पनि उतै मरुँला,’ उनी भन्छिन् । उनी खास त अभावमा भन्दा पनि सुरक्षित हुन विदेश जान चाहेकी हुन् । आफ्नो दुई वर्षको बच्चालाई माइतीमा राखेर उताबाट खर्च पठाइदिने सोच उनको छ । उनी भन्छिन्, ‘अहिले मलाई राम्रो देश अनि राम्रो कामभन्दा पनि जसरी पनि चाँडै विदेश पुग्नु छ । राक्षस परिवारबाट छिट्टै अलग हुन चाहन्छु । एउटै उपाय देखेकी छु । त्यो हो बाहिर जानु ।’

उनीजस्तै अधिकांश महिला हिंसामा परेर हतारमा विदेश जाँदा गलत ठाउँमा पुग्ने गरेका छन् । उनीहरू नेपालमा हिंसाको पीडामा मल्हम लगाउन विदेश जान चाहे पनि विदेशमा समेत थप हिंसा खेप्नुपरेका उदाहरण पनि भेटिन्छन् । सन् २०११ मा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय र श्रम मन्त्रालयअन्तर्गतकै एक परियोजनामार्फत गरिएको अध्ययनले पनि घरेलु हिंसा पनि महिला बिदेसिनुको मुख्य कारण भएको निष्कर्ष निकालेको थियो ।

हेटौँडा हाँडीखोलाकी नीता (नाम परिवर्तन) पनि घरायसी कामका लागि कुवेत पुगिन् । हतारमा जाँदा उनी त्यहाँ पुगेको पहिलो दिनदेखि नै थप पीडित बनिन् । श्रीमान्ले रक्सी खाएर कुटपिट गर्ने र तीन छोराछोरीको लालनपालन र पढाइ खर्चको जोहो गर्ने कुनै उपाय नदेखेर व्यक्तिगत भिसामा बिदेसिएकी नीता आफूलाई सुरुदेखि नै मालिक्नीले कोठामा थुनेर कुटपिट गरेको बताउँछिन् ।

केही महिनाअघि काठमाडौंको एक संरक्षण गृहमा भेटिएकी उनले केही पत्रकारबीच त्यो घटना सुनाइरहँदा उनको आँखा रसाएको थियो । अपत्यारिलोजस्तो लाग्ने कहानी एकपछि अर्को भन्दै जाँदा अरूका पनि आँखा रसाएका थिए । उनी भन्छिन्, ‘अढाइ वर्ष बसेँ । सुको पैसा पनि ल्याएको छैन । जीउभरि घाउ, नीलडाम, घाउको खाटा र दुःखको पोको मात्रै भयो ।’ युवा उमेरमा कमाएर दिन फेरिएला कि भन्ने आसले बिदेसिएकी उनी अहिले मानसिक रूपमा समेत विक्षिप्त भएकी छिन् भने यातनाले शरीर पनि थङ्थिलो भएको छ ।

दुई वर्षको व्यक्तिगत भिसामा गएकी उनी फर्किने अवस्था नभएर ६ महिना बढी त गैरकानुनी रूपमा (ओभरस्टे) बसिन् । पछि जसोतसो भिसाको म्याद सकिएकाले मालिकले नै प्रहरी कार्यालयमा लगेर छोडिदिए । त्यसपछि उनी नेपाल फर्किने समूहमा परिन् । उनी विगत सम्झँदै भन्छिन्, ‘जेलमा पनि प्रहरीले लात्तैलात्ताले हान्थ्यो ।’ जसोतसो उनी शरीरभरि घाउ बोकेर रित्तो हात नेपाल आइन् ।

रानकी रंगीता विकको पीडा पनि उस्तै छ । २२ वर्षमै विदेश गएकी उनले साउदीमा तीन र कुवेतमा दुई वर्ष बिताइन् । कुवेतमा पाएको यातना सम्झिँदा झस्किँदै उनले थपिन्, ‘त्यहाँको सबै कुरा बिर्सिने उपाय कसैले सिकाइदिए हुन्थ्यो ।’ दुःख गरेर दुई–चार पैसा कमाएर उनी नेपाल आउँदा उनका पतिले अर्को बिहे गरिसकेछन् । आफ्नो व्यक्तिगत जीवनको खुसी, सुख र हाँसो सकिएको गुनासो गर्दै उनी भन्छिन्, ‘भोको पेट बस्न परे पनि बिदेसिने दिदीबहिनीलाई खाडी मुलुक नजान सुझाव दिने र आफ्नोजस्तै पीडा व्यहोरेकाहरूलाई जोगाउने प्रयास गर्नेछु ।’

गरिबी र स्वदेशमा रोजगारीको अभावले नेपाली युवा रोजगारीका लागि बिदेसिनु मुख्य कारण हो । महिला बिदेसिनुमा अर्को पनि कारण देखिएको छ, त्यो हो– घरेलु हिंसा । विभिन्न अध्ययनले पनि यसलाई पुष्टि गरिसकेको छ । बिदेसिएपछि महिला भएकै कारण हुने हिंसा र विभेद अन्त्य गरिनुपर्नेचाहिँ राज्यको जिम्मेवारी हो भन्छन् यस क्षेत्रमा कार्यरत अधिकारकर्मी ।

पौरखी सचिव सत्रकुमारी गुरुङ भन्छिन्, ‘विभेद कानुनले गरेको छैन । सोच र संरचनाले गरिरहेको छ ।’ पछिल्लो २० वर्षको अवधिमा नेपालमा छुट्टै श्रम मन्त्रालय बन्यो । विभाग, बोर्ड बन्यो । वैदेशिक रोजगारी ऐन २०६४ आयो । ऐनको दफा ८ ले कामका लागि विदेश जाने सन्दर्भमा लिङ्गका आधारमा विभेद गरिने छैन भनिएको छ । तर, ऐन घरेलु कामदारसम्बन्धी निर्देशिका २०७२, महिलाका लागि बन्देज लगाउने खालको छ । यसले गर्दा नीति–नियमसम्बन्धी व्यवस्था नै महिलाका लागि विभेदपूर्ण हुँदा अवैध बाटोको प्रयोग गरी महिला बिदेसिएका छन् । विशेषगरी कामका लागि महिला कुवेत, लेबनान, इजरायल, बहराइन जाने गरेका छन् । पछिल्लो समय भने लिबियालगायत मध्यपूर्वी मुलुकका साथै अफ्रिकी मुलुकमा समेत अवैध बाटो हुँदै महिलालाई पुऱ्याउने गरेको पाइएको छ ।

पौरखीका अध्यक्ष मञ्जु गुरुङ सरकारको अप्ठ्यारो व्यवस्था, नयाँनयाँ नीति–नियमले गर्दा स्वीकृति लिएर जाने महिला घटे पनि गैरकानुनी बाटोबाट जानेहरू बढेको बताउँछिन् । सरकारले महिलालाई विदेश जान २४ वर्ष पूरा हुनुपर्ने भनेको छ । यसरी लगाएको उमेरको हदबन्दी पनि ऐनविपरीत रहेको गुरुङको भनाइ छ । झन्डै एक वर्षदेखि दुई वर्षभन्दा सानो बच्चा भएका आमालाई पनि विदेश जान नदिने व्यवस्था सरकारले गरेको छ । उनको भनाइ पनि त्यही छ, ‘हदबन्दी र प्रतिबन्धित प्रावधानकै कारण पनि महिला गैरकानुनी प्रक्रिया र अवैध बाटोबाट बिदेसिने क्रम बढेको हो । उनी थप्छिन्, ‘ढोका बन्द भएपछि झ्यालबाट भए पनि मान्छे निस्किन खोजिहाल्छ नि ।’

पछिल्लो समयमा महिला बेचबिखन, दलालको फन्दामा फसेको, अवैध बाटो हुँदै बिदेसिएको भन्ने घटनाहरू बढ्दै गएको छ । फेरिँदो बेचबिखनको स्वरूपले पनि वैदेशिक रोजगारीको प्रलोभनमा फस्ने र बेचिने बढ्दै गएका छन् । अधिकारकर्मीहरू महिलाको यस्तो घटना झन् डरलाग्दो हुँदै जाने आँकलन गर्दै यसमा सरकारकै कमजोरी बढी ठान्छन् । पौरखी नेपालले गरेको एक अध्ययनअनुसार कामका लागि जाने झन्डै ९० प्रतिशत महिला आर्थिक, सामाजिक, सांस्कृतिकलगायत कुनै न कुनै कारणले विभेदको सिकार भएरै घर छोडेको देखिएको छ ।

तर, नेपाल सरकारअन्तर्गतको वैदेशिक रोजगार विभागका महानिर्देशक विश्वराज पाण्डे गैरकानुनी रूपमा जानेलाई रोक्न अप्ठ्यारो छ भन्नुहुन्छ । ‘धेरै कमाउने, घरमा छलेर, उमेर ढाँटेरसमेत जानेलाई के गर्न सकिन्छ र ?’ उहाँको उल्टै प्रश्न छ । तथ्याङ्कगत रूपमा घट्नु वा बढ्नुभन्दा पनि कानुनी रूपमा गएर त्यहाँ गरेको श्रमको मूल्य पाए हुन्थ्यो भन्ने धेरैको भनाइ छ । गैरकानुनी रूपमा बिदेसिने महिलामा यौन शोषण, बलात्कार, यातना, कुटपिटजस्ता हिंसा हुने गरेको पाइएको छ ।

*(संचारिका फिचर सेवा)*

## शान्ति समाजद्वारा पीडितलाई सहयोग



काठमाडौं । शान्ति समाज नेपाल काठमाडौंको आयोजनामा संचालित कपडा वितरण अर्थात् न्यानो वितरण कार्यक्रम सम्पन्न भएको छ । काठमाडौंको वागमती किनारमा बस्ने सुकुम्बासी बस्तीमा माघको पहिलो साता वृद्धवृद्धा अपांगता भएकाहरु, भूकम्पपीडित, महिला, शितलहर चिसो पीडितहरु करिब १५० जनालाई वितरण गरिएको संस्थाका अध्यक्ष शान्तिदीप रेग्मीले जानाकारी दिनुभयो ।

कपडा संकलनको मुख्य भूमिका किमथाङ्का बचत संस्था बौद्ध काठमाडौंका अध्यक्ष युवराज खड्का र चितवन टेलरिङ सेन्टर पिङ्लास्थान काठमाडौंका संचालक युवा व्यवसायी तथा समाजसेवी विजय अधिकारीले उल्लेखनीय सहयोग गर्नुभएको थियो । त्यसैगरी क्रिष्ट एजुकेशन चाबहिलका संचालक कैलाश न्यौपाने, संस्थाका उपाध्यक्ष विरवल लामा, दिनेशप्रसाद भट्टराई लगायतले उल्लेख्य सहयोग गरेका थिए । रंगकर्मी तथा कलाकार भोला अधिकरी, भूमिनन्द नेपाल, रोज लामा, दिनेश खड्का, हैंसे होस्टे सामाजिक संस्था, वुद्ध एयरका मदनकुमार शाही, मेघप्रसाद उपाध्यायले पनि सहयोग गरेका थिए ।

संस्थाले काठमाडौमा पहिलो चरणमा कपडा वितरण कार्यक्रमबाट धेरै नभए पनि शहरी गरिबीको कारण दुःख पाएका दिन दुःखीको सहयोग गरेकोमा आत्मसन्तुष्टि लागेको रेग्मीले बताए । संस्थाले विगत चार वर्षदेखि गैर नाफामूलक सामाजिक कार्य गर्दै आएको छ । नेपालमा २०७२ सालमा आएको महाभूकम्पमा पनि विभिन्न किसिमका मानवीय सहायता उपलब्ध गराएको संस्थाले हालसम्म १०० जना महिला सिलाई कटाई, व्युटिपार्लर, बेकरी आदि तालिम प्रदान गरेको जानकारी दिए ।

त्यस्तै संस्थाले रोटरी इन्टरनेसनलको सहकार्यमा सिन्धुपाल्चोकको सुनखानी गा.वि.स. मा २०७२ साल माघ १९ र २० गते भूजेल, दलित, तामाङ बस्तिमा ५०० परिवारलाई वलाङकेट वितरण गरेको जानकारी दिए । अब संस्थाले न्यू क्रिएसन नाट्य समूहसँग मिलेर काठमाडौंको विभिन्न ठाँउमा जनचेतनामूलक सडक नाटक गर्ने जानकारी दिए । संस्थाले छिट्टै २० जना महिलालाई बेकरी तालिम प्रदान गर्ने बताए ।

संस्थाले कर्णाली अञ्चलमा जति चिसो काठमाडौं र तराई मधेशभन्दा बढी हुने भएकोले त्यहाँ संस्थाले बढी सहयोग गर्नुपर्ने अध्यक्ष रेग्मीले बताए । संस्थाले ३०० जनालाई पुग्ने गरी जुम्ला जिल्लाको कुलालवाडा, हैता, सार्किवाडामा न्यानो कपडा वितरणका लागी सोही ठाँउका स्थानीय समाजसेवी हरीशरण आचार्यलाई गोंगबुको नयाँ बसपार्कबाट भाडा, बाटो खर्चसमेत दिई वितरणका लागि कर्णालीतर्फ ८ बोरा न्यानो कपडा पठाइएको छ । कर्णालीमा चिसोको कारण धेरै जनाको मृत्यु भए पनि राज्य बेखबर भएको अवस्थामा संस्थाले सानो भए पनि सहयोगस्वरुप न्यानो कपडा संकलन गरी सहयोग जुटाई गरिब कर्णालीबासीहरुका लागि न्यानो कपडा पठाएको जानकारी अध्यक्ष रेग्मीले दिए ।

कथा

# सपनामा उनी खुसी थिइन्

**लक्ष्मी उप्रेती**

“माया उँधो मात्र हुँदो रहेछ हजुर ! के गर्नु र ? जन्मदा पाँच भाइ छोरा र एउटी छोरी जन्मिए । दुई भाइ छोरा मरे, कान्छो छोरो हरायो ! अब त दुई भाइ छोरा र एउटी छोरी मात्र छन्, तर पनि ...।”

उमेर भन्दा बढी चाउरिएको अनुहार मलिन पार्दै नीरस स्वरले आफ्ना जीवनका वेदना सुनाउँदै अध्यारिन्छिन् मनकुमारी विश्वकर्मा । उनका कुराले मलाई च्वास्स घोच्छ । म एकाएक स्तब्ध हुन्छु । शब्दहीन भएर उनको अनुहार एकोहोरो हेरिरहन्छु । किन किन उनका विगतसँग म पग्लन्छु ।उनका बारेमा जान्ने उत्सुकता थपिन्छ । मनकुमारीसँग केही कुरा सोध्न मन गर्दा गर्दै मेरी बुहारी–उषा अगाडि सरेर मनकुमारीका दुःखका कुरामा दया देखाउँदै भन्छिन्, “जति नै भएपनि के गर्नु र ? यिनलाई कसैले हेर्दैनन् । यिनका लागि सधैँ यिनले नै जोह गर्नुपर्छ सधैँ, नत्र खान पाउँदिनन् । बिचरा”

“किन नि छोराहरू तिमीसँग छैनन् र ?” मनकुमारीतिर फर्कदै मैले सोधेँ ।

“छन त छन् नि हजुर ! तर मलाई पटक्कै हेर्दैनन् । उनीहरू आफ्ना स्वास्नी र छोरा छोरीहरूलाई मात्र चेप्छन् । मलाई त पटक्कै वास्ता नै गर्दैनन्, म एक्लै छु ।” लामो सास तान्दै मनको बह पोख्न खोज्छिन् मनकुमारी ।

झापाको खेतीपाती हुने गाउँ जिराइतमा उषाको घर छ । भेटघाट गर्न तीन दिनअघि म यहाँ आएकी छु । अब पाँच छ दिन बसेर फर्कने विचारमा छु ।

साउनको महिना, झमझम पानी परेको परै छ । घर नजिकैको खेतमा रोपाइँको धमाधम छ । भान्छा बाहिरको बार्दलीमा बसेर परपरसम्मको खेतमा आँखा लाउँछु । तुवाँलाले टम्म ढाँकेको आकाश वैराग्य लाग्ने गरी अगिदेखि पानी चुहेको चुहै छ । घर नजिकैको खेतमा खेतालाहरू रोपाइँको गीत भाका हालेर गाउँदै धान रोप्न व्यस्त छन् । पानीबाट बच्ने कोसिसमा कसैले घुम र कसैले प्लास्टिकको बोरा ओढेर आफ्नै सुरमा धमाधम काम गर्दै छन् । शिरमा राखेको पानी बचतको यो कवजले टाउकोसम्म ओभानो भए पनि शरीर निथ्रुक्कै भिजेको छ । तर पनि खेतालाहरू धमाधम धानको बीउ फ्याक्ने आली लगाउने काममा व्यस्त छन् । खेतमा देखिएको त्यस्तो दृश्यले मलाई रमाईलो लागिरहेको छ ।

सहरबजारको जस्तो हुँदैन गाउँघरमा । कामको चापले भ्याईनभ्याई हुन्छ । झन् स्वास्नी मान्छेहरूको त हुर्मत नै हुन्छ । घरभान्सा, छोराछोरी, बस्तुभाउहरूको स्याहारसुसारदेखि लिएर खेतबारी पनि भ्याउनुपर्ने । गाउँघरमा एकदमै कम गृहिणीहरू हुन्छन्, जसले खेतबारी नगरी घरधन्धा मात्र गरे पुग्छ । गाउँका मानिस अझ स्वास्नीमान्छेहरूले त्यस्तो परिश्रम गरेर पनि उनीहरूको अवस्था दयनीय नै देखेर दुःखी हुन्छु म । गाउँघरको हेरीकन त सहरबजारमा श्रमको मूल्य भएकै अनुभूत गर्छु । गाउँघरका श्रमिकहरूको अवस्था कहिले सुध्रँदैनजस्तो लाग्छ, किनकि उनीहरू सोझा, इमान्दार हुन्छन् र निमुखा हुन्छन् मनकुमारी जस्तै । कोहीकोही मात्र छट्टू र बाठा हुन्छन् भन्ने सोचमा म डुब्छु ।

“खोइ, बोतल ल्याएकी छौ ?” उषा भान्छाकोठाबाट तेलको ग्यालिन समाउँदै निस्किन्छिन् । उनको आवाजले अचानक मेरो सोच भङ्ग हुन्छ ।

“छ हजुर” मनकुमारीले पोल्टामा रोखेको बोतल झिकेर बिर्को खोल्दै उषाको हातमा दिन्छिन् ।

“मलाई त यही गाउँले नै पालेको छ हजुर चालीस वर्षदेखि नै यहीँ छु, बिहे गरेर यहीँ नै ल्याए बुढाले, सबै छोराछोरीहरू यहीँ नै जन्मिए, हुर्किए । पन्ध्र वर्षअघि बूढाको यहीँ नै प्राण गयो । मर्ने त मरे मरे तर बाँच्ने छोराहरूले पनि मलाई एक्लै पारे । यसबेला एउटी आठ वर्षकी नातिनी मात्र छ मसँग कान्छा छोराकी छोरी ।” मनकुमारीले आँखाबाट आँसु झार्दै वेदना पोखिन् र टाउकामा बाधेँको गम्छाको फेर तान्दै आँसु पुछिन् ।

“अनि कान्छा छोरा बुहारी नि त ?” नमीठो मान्दै मैले सोधेँ ।

“कान्छो छोरो हराएको छ सात वर्ष भइसक्यो । ऊ त कहाँ गयोगयो, त्यसपछि बुहारी पनि दुई वर्षकी नातिनी छोडेर पोइला गई उसै बेला । त्यही नातिनीलाई हुर्काएँ–बढाएँ, अब त काम सघाउन सक्ने भइसकी । अहिले उसलाई ज्वरो आएकाले सकी नसकी म एक्लै आएँ हजुर । नत्र ऊ नै मेरो अघिपछि लाग्ने सहारा भएकी छ ।” निन्याउरो अनुहारमा बोल्दाबोल्दै मनकुमारी अड्किन्छिन् ।

मानिसको जिन्दगी पनि कसैको कस्तो, कसैको कस्तो । कसैलाई छाक टार्न यस्तो मुस्किल, कसैलाई भने ..... किन यस्तो अन्तर मानिसमानिसमा । म त्यसै भावुक हुँदै गएँ ।

“लेऊ, यति भए तिमीलाई हप्ता दिन भुटुन पुग्छ, हैन त ?” एक बोतल तेल मनकुमारीलाई समाउन दिँदै उषाले भनिन् ।

“पुऱ्याउँछु नि मालिक्नी” लतपतिएका आँसुसँग फिस्स हाँसिन् मनकुमारी ।

“बिहानबेलुकीको छाक टार्न हम्मे पर्छ यिनलाई । सारो काम गर्न पनि छाडिसकिन् । यही गाउँका घरमा पालो गरीगरी जान्छिन् र आँगन बडार्ने, बगैंचामा उम्रिएका झार उखल्ने गरेर आफ्नो गुजारा चलाएकी छन् । उमेरमा उनको बूढा र उनले यस गाउँका घरमा मालिकहरूको भनेपछि जे परिआउँदा पनि आफ्नो समेत पर्वाह नगरी, दिनरात खटेर काम गर्थे अरे । यिनीहरूले आफ्नो इमानजमान राखेका रहेछन् दिदी । आजसम्म पनि सानोतिनो आफूले सक्ने काममा हात बढाउन अल्छी नगर्नाले यिनलाई यस गाउँमा सबैले दया नै गरेका छन् दिदी अहिलेसम्म त, पछि के हुन्छ थाहा छैन् ।” यसो भन्दै उषा भान्सामा पस्छिन् ।

मनकुमारी मेरो छेउमा टुकुक्क बसेकी छन् ।

“अनि तिम्री छोरी कहाँ छन् त ?” मैले सोधेँ ।

“ज्वाइँ र दुई जना नाति नातिनीसँग छोरी झिलझिलेमा छे ।” मनकुमारीले उज्यालिँदै जवाफ दिइन् ।

“अनि छोरीले हेर्दिनन् त ?” छोटकरीमा मैले प्रश्न गरेँ ।

“हेर्छे नि हेर्न त । अस्ति सँगै लान्छु भनेर आएकी थिई । तर मलाई जान मनै लागेन मालिक्नी ।” भावुक भएर मनकुमारीले भनिन् ।

“किन, त आफ्नी छोरीकहाँ नगएकी त ?” मैले सोधेँ ।

“छोरी पो आफ्नी त, ज्वाइँ त कुटुम्ब, कुटुम्बको मनमा के छ, के छ ! फेरि उनीहरूलाई पनि दुःख नै छ । बरु अलिकति काम गर्न सकेँ भनेँ यहीँ गाउँमा मेरो सुरक्षा हुन्छ जस्तो लाग्छ मलाई हजुर । त्यसैले सकुन्जेल यही दुःख गर्छु भनेर छोरीकहाँ पनि जान मन लागेन ।” आशातीत आँखाले मलाई हेर्दै मनकुमारीले आफ्नो बह पोखिन् ।

एकछिन हामी मौन रह्यौं । यसबेला बाहिरी वातावरण पनि शून्य भयो मलाई ।

मनकुमारीले जुरुक्क उठ्दै ढोकाको च्यापमा भएको कुचो लिइन् र सकीनसकी बाहिर आँगन बढार्न थालिन् । त्यसरी बढार्नुमा मनकुमारीले लगेको अलिकति तेलको मूल्य तिर्दै थिइन् सायद ।

केही दिन त्यहाँ बसेर म फर्किएँ । तर मनकुमारीसँगको त्यो क्षण आँखा अगाडि झलझली आयो । उनको वेदनामय जीवन देखेर म संवेदनशील भइरहेँ । उनलाई मैले बिर्सन सकिनँ । अहँ, पटक्कै बिर्सन सकिन्ँ ।

............

कहिलेकहीँ उषासँग फोनमा कुरा हुँदा मनकुमारीको हालखबर सोध्न मन लाग्छ । किनकिन मनकुमारी मसँग त्यसरी गाँसिइन् जसरी म आफ्नाहरूसँग गाँसिन्छु ।

एक दिन फोनमा कुरा हुँदा उषाले मलाई भनिन्– “दिदी मनकुमारी त छोरीकहाँ गइन् नि, मनकुमारी बिरामी भएका बेला ज्वाइँ नै आएर उनलाई लिएर गए । अहिले अलि सन्चो छ अरे । छोरी ज्वाइँले उनलाई राम्रो गरेका छन् अरे त दिदी,

त्यसो भन्दा मलाई केही हल्का त भयो, तर पनि मनकुमारी मेरो सम्झनामा सँधै दुखिरहिन् ।

दिन बित्दै गए । मनकुमारीको सम्झना पातलिँदै गए तापनि उषासँग फोनमा कुरा हुँदा मनकुमारीको खबर सोध्न मन लाग्दथ्यो र कहिलेकहीँ सोध्थेँ पनि ।

“राम्रै गरेका त होलान् नि । यसबेला मलाई त्यति थाह छैन त दिदी । उनी छोरीकहाँ नै ढुक्कै छन्, त्यसैले त्यति थाहा छैन्” भन्थिन् उषा ।

त्यसरी नै मनकुमारीको खबर अलिअलि गर्दै कम हुँदै गयो । उनीसँग गाँसिएको स्मृति पातलिन थाल्यो ।

एक वर्षपछि फेरि म झापा गएँ ।

आज असार पन्ध्र गते, दही चिउरा खाने हाम्रो संस्कृति । दिउँसो अबेला अघाउन्जेल दही चिउरा खाएकाले राति अलि अलि खाना खाएर सुत्न कोठातिर लाग्यौं ।

गड्याङगुडुङ गर्दै बिजुली चम्कन्थ्यो र रात्रिलाई चिरेर कलात्मक चित्र बन्थ्यो । त्यस दृश्यले मन बिथोलेको छ । यसबेला नचाहेर पनि मनकुमारी सम्झनामा गाढा बनी देखापरिन् । एकछिनपछि मसँग कुरा गर्न उषा म भए ठाउँमा आइन् । उषासँग कुराको सुरुमै मनकुमारीको कुरा जान्न मन लाग्यो ।

“उषा मनकुमारीको खबर चाहिँ के छ नि ? उनी कहाँ छन् ?” मैले एउटा क्षणिक स्मृतिलाई आँखाको पर्दामा उतार्दै सोधेँ ।

“अँ दिदी, बितिन् नि, छोरीकै घरमा, दुई महिना भइसक्यो, बिचरा” उषाले मनकुमारीको दुःखद समाचार सुनाइन् ।

त्यसबेला म स्तब्ध भएँ, मानौं मेरो कहीँ केही छुट्यो कि जस्तो लाग्यो । घुटुक्क थुक निलेर “बाचुन्जेल छोरीज्वाइँले त राम्रै गरे होलान् उनलाई ?” दुःख मान्दै सोधेँ ।

“राम्रो गरेछन् दिदी, बिरामी हुँदा पनि छोराहरूले ल्याउन मन गरेनन्, तर छोरीज्वाँइले राम्ररी स्याहार गरेछन् । मृत्युपछि मनकुमारीको इच्छा अनुसार सद्गति गरेछन् । मनकुमारीको सबै काजक्रिया पनि उनीहरूले नै राम्ररी गरेछन् । छोटो समयका लागि भएपनि छोरीज्वाइँ र नातिनातिनीको माया पाएर मनकुमारी खुब खुसी भएकी थिइन् रे, बिचरा मनकुमारी ! छोरा भनेर मानिसहरू सधैँ हुरुक्क हुन्छन्, छोरीलाई अर्काको घर जाने जात भनेर हेला गर्छन् । तर दिदी सधैँ दुःख गर्ने मनकुमारी मर्ने बेलामा छोरीज्वाँइकहाँ गएर सुखले मरिछन्” उषाले भनिन् ।

उषाले त्यसो भन्दा मलाई ढाडस त भयो । तर मेरो स्मृति तलाउमा मनकुमारीको कथा वेदना बनी सधैँ बल्झिरहयो । त्यो रात उनलाई सम्झँदा सम्झँदै निदाएँछु । सपनामा उनलाई देखेँ, उनी खुसी थिइन् ।

■■■

कविता

## बाँचुन्जेल

बाचुन्जेल जति गरे
जानी नजानी भूल मैले
पश्यतापका घुट्का पिउँदै
बाँच्न विवस भए ऐले
हामी दुईको विछोड हुँदा
गला बन्द भएपछि
खोज्दैछु म तिमीलाई
यो जुनीमा पाउनु कैले
आदि रातमा झस्किएर
यताउता हेर्छु तर
वेदनाका आँशुबाहेक
केही पनि पाइँन मैले
विरहका गीत कथ्न
कापी कलम ठिक पार्दा
यो आँशुको मसी थियो
तै पनि सुक्यो ऐले
बाँचुन्जेल जति गरेँ
जान नजानी भूल मैले ।

**गोकुल परियार**
खोटाङ

## साझा सब थपिने

ललितपुर । यात्रुको समस्यालाई ध्यानमा राख्दै साझा यातायातले २९ वटा नयाँ बस थप गर्ने भएको छ । उपत्यका र बाहिरका समेत गरी २९ वटा नयाँ बस ल्याउन लागिएको कामु प्रमुख कार्यकारी अधिकृत महेन्द्रराज पाण्डेयले बताएका छन् ।

उपत्यका भित्रिन लागेको नयाँ बसमध्ये एउटा अपांगतामैत्री होचो बससमेत रहेको छ । अपाङ्तामैत्री बस र डिलक्स बस भित्रिने क्रममा रहेको छ भने सिटी बसको टेण्डर प्रक्रिया सकिएको छ ।

डिलक्स बस उपत्यकाबाहिर चल्ने र सिटी बसलाई बढी आवश्यकता परेका ठाउँमा चलाइने भएको छ । काठमाडौँ उपत्यकाबाहिर अहिले साझाका दुईवटा बस काठमाडौँ–बाग्लुङ रुटमा गुडिरहेका छन् । नयाँ बनेका नगरपालिकाले साझाको शेयर खरिद गर्न र आफ्नो ठाउँमा साझा बसको सेवाका लागि इच्छुक देखिएका छन् । अहिले साझाका ४६ वटा बस सञ्चालनमा छन् ।

# किन काश्मिरले विश्वको ध्यान खिच्दैन ?

सुधा कार्ले












सन् १९४७ अघि भारत भन्ने कुनै देश थिएन । भारतीय उपमहाद्विपमा नेपाल, भुटान, सिख, बंगाल, अवध, मराठा, मैसुर, हैदरावाद लगायत धेरै राष्ट्रहरु थिए । अग्रेजले उपनिवेश बनाउने क्रममा भारतीय राजाहरुलाई उन्मूलन गर्दै इस्ट इन्डिया कम्पनी बनायो । नेपालबाहेक सबै राष्ट्रहरु एकपछि अर्को गर्दै त्यस कम्पनीमा गाभिए । नेपाललाई पनि उपनिवेश बनाउन खोज्दा अंग्रेज र नेपालबीच सन् १८१४ देखि १६ सम्म युद्ध चल्यो । अन्त्यमा एकतर्फी रुपमा लादिएको सुगौली सन्धिअनुसार नेपालले आफ्नो ५० प्रतिशतभन्दा बढी भूमि गुमायो । तर नेपालको स्वतन्त्र अस्तित्व कायम रह्यो ।

सन् १९४७ मा अंग्रेजले भारत छोडेर जाने बेलामा भारतमा भएका मुसलमानहरुको लागि बेग्लै देश चाहिन्छ भनेर मोहमद अलि जिन्हाले अड्डी लिए जस्को फलस्वरुप भारत र पाकिस्तान भन्ने दुई देशको जन्म भयो । त्यतिखेर पूर्व र पश्चिम पाकिस्तान कायम थियो । सन् ७० को दशकमा भारतीय प्रधानमन्त्री इन्दिरा गान्धीले सोभियत संघसँग गरेको सैनिक सन्धिको बलमा युद्ध गरी पूर्व पाकिस्तानलाई विखण्डन गरी बंगलादेश बनाइदिएपछि पूर्व अंग्रेज शासित भारत तीन टुक्रा भयो । बंगलादेश स्वतन्त्र भएपछि सिखहरुले स्वतन्त्र खालिस्तानको माग गरी मुक्ति युद्ध सुरु गरे । त्यस मुक्ति युद्धलाई दबाएको र सिखहरुको पवित्र स्वर्णमन्दिरमा सेना पठाइ मुक्ति योद्धा भिन्द्रेनवालेलाई मारेकै कारण एक सिख सैनिकले इन्दिरा गान्धीको हत्या गरिदियो । बंगलादेशको जस्तै स्वतन्त्र हुने चाहना कास्मिरको पनि सन् १९४७ देखि नै थियो । जसरी पूर्व पाकिस्तान पश्चिम पाकिस्तानबाट स्वतन्त्र हुन चाहन्थ्यो भने बहुसख्यक मुसलमान भएको कास्मिर पनि भारतबांट स्वतन्त्र हुन चाहन्थ्यो तर पूर्व पाकिस्तानलाई भारतको सैनिक सहयोगमा स्वतन्त्र गरी बंगलादेश नामकरण गरियो भने कास्मिरलाई स्वतन्त्र गराउन खोज्दा भारत पाकिस्तानबीच युद्ध भयो । पाकिस्तानले युद्ध जित्न नसक्दा कास्मिर अहिलेसम्म पनि भारतकै अधिनमा छ । कास्मिरी जनताको आत्मनिर्णयको अधिकारको बहाली हुनुपर्दछ, उनीहरु भारत अन्तर्गत वा पाकिस्तान अन्तर्गत वा दुवैबाट स्वतन्त्र हुन चाहन्छन् त्यसको निर्णय कास्मिरी जनताले गर्न पाउनुपर्दछ भनेर अन्तर्राष्ट्रिय स्तरमा आवाजहरु उठिरहँदा समेत भारतको हठको कारण कास्मिरी मुद्दाले निकास पाउन नसकी त्यस क्षेत्र स्थायी रुपमा अशान्त बनिरहेको छ । सन् २०१६ र १७ बीचमा पनि कास्मिर उपत्यकामा हिंसात्मक विरोधहरु भए । त्यो आन्दोलनको मुख्य कारण भनेको हिजवुल मुजाहिद्दिन सशस्त्र संगठनका नेता बुरहान बानीको भारतीय सैनिकद्वारा हत्या भएको कारणले भएको थियो । हत्यापश्चात भएको ५३ दिने कर्फ्यु आदेश उल्लंघन गर्दै कास्मिर उपत्यकाको १० वटै जिल्लाहरुमा भारत विरोधी प्रदर्शन हुन पुग्यो । प्रदर्शनकारीमाथि भारतीय सैनिकले गोली चलाउँदा ९० जना सर्वसाधारणको मृत्यु र १५ हजार घाइते हुन पुगे । प्रदर्शनकारीको कारवाहीमा दुई भारतीय सैनिक मारिए भने ४० हजार घाइते भए । प्रदर्शनकारीहरुले आन्दोलन गर्नुको कारण भारत सरकारले उनीहरुसँग राजनीतिक वार्ता गर्न नचाहेको, कमाइ खाने गरी आर्थिक अवसर नदिएको, कास्मिरमा बेरोजगारी अक्कासिएको, सार्वजनिक स्थलमा भारतीय सैनिकको बाक्लो उपस्थिति र उनीहरुद्वारा बारम्बार कास्मिरी जनताको मानव अधिकारको उल्लंघन जस्ता कार्यहरु बताइएको थियो । यी भन्दा पनि डरलाग्दो र खरो आरोप भनेको भारतीय जनता पार्टीको सरकारको कट्टर हिन्दु राष्ट्रवादको कारण कास्मिरी मुसलमानको पहिचान नै हराउन लागको भन्ने थियो ।

सन् २०१४ को भारतीय आम निर्वाचनमा भारतीय जनता पार्टीले लोकसभामा बहुमत हासिल गऱ्यो र नरेन्द्र मोदी प्रधानमन्त्री बने । त्यही वर्ष भएको विधानसभाको चुनाव कास्मिरी क्षेत्रतर्फ मुसलमानी पिपुल्स डेमोक्राटिक पार्टी र हिन्दुको बाहुल्य भएको जम्मु क्षेत्रतर्फ भारतीय जनता पार्टीका उम्मेदवारले चुनाव जितेको कारण शत्रु पक्ष नै भए तापनि संयुक्त सरकार बनाउनुपर्ने बाध्यता बन्यो र मुसलमान मुफि्त मोहमद सायिद मुख्य मन्त्री बने तर २०१६ मा उनको मृत्यु भएको कारण उनकी छोरी मेहबुबा मुफि्तले प्रथम महिला मुख्य मन्त्री बन्दै बाबुको पद सम्हालिन । यस कुरालाई मुसलमानी सशस्त्र संगठन मुजाहिद्दीनका नेता बुरहान बानीले मन पराएनन् र त्यस्को विरोध गर्ने भन्दै बुरहानले मध्यम वर्गीय शिक्षित स्थानीय युवाहरुलाई भर्ना गरी सशस्त्र आन्दोलन अघि बढाए । उनको लोकप्रियता कास्मिरमा यसरी चुलियो कि भारतीय सैनिकको कारबाहीमा बुरहानका दुई कार्यकर्ता वासिम र नसिर मारिदा दशौं हजार कास्मिरी जनता सडकमा उत्रिए । त्यसको लगत्तैपछि ८ जुलाई २०१६ मा इद मनाउने क्रममा भारतीय प्रहरीले बुरहान र उसका अर्का दुई सहयोगीलाइ नियोजित तरिकाले कोकेरनाग भन्ने ठाउँमा मारिदिए । बुरहानीको हत्यासँगै कास्मिरको राजनीति अस्थिरतातर्फ धकेलियो । उनको शवयात्रामा भाग लिनेको संख्या दुई लाखभन्दा बढी भएको बताइएको थियो । उनको अन्तिम संस्कारमा विद्रोहीहरुले २१ तोपको सलामी दिएका थिए भने भारतीय सुरक्षाकर्मीमाथि भारी ढुंगा वर्षा गरिएको थियो । ९ जुलाईका दिन विद्रोहीहरुले २० वटा भारतीय प्रहरी चौकीलाई ध्वस्त गरिदिए । अमरनाथ मन्दिर जाने सबै रेलसेवा बन्द भए । विद्रोही र प्रहरीको मुठभेडमा २०० जनता घाइते भए भने ११ जना बिद्रोही मारिए । प्रहरीतर्फ पनि हताहत हुनेको संख्या दुई पुगेपछि भारत सरकारले पहिले १२ सय र पछि ८ सय गरी केन्द्रीय रिजर्व फोर्सबाटै २ हजार अतिरिक्त सुरक्षावल कास्मिरमा तैनाथ गऱ्यो । कास्मिरमा रहेका भारत सरकारका १३ सयभन्दा बढी कर्मचारीहरु भागे । स्थिति बिग्रँदै गएपछि भारत सरकारले फेरि २ हजार सुरक्षा बल थप्यो । २९ जुलाईमा भड्केको विद्रोहले सैनिक क्याम्पलाई पनि छाडेन, सरकारी कार्यालयहरु विस्फोट गरिए । राज्यको शिक्षा मन्त्री नायिम अख्तरमाथि विद्रोहीहरुले ढुंगामुडा गरे, उनी र उनका परिवार नभएको बेलामा उनको घरमा पेट्रोल बम प्रहार गरियो । विद्रोहको प्रकृति हेरी कर्फ्यु लगाउने र हटाउने कार्यहरु विभिन्न जिल्लामा भइरहे । अगष्ट महिनामा विद्रोहको आगो कास्मिरबाट जम्मुतर्फ लाग्यो र त्यहाँका सहरका धेरै टोलहरु बन्द भए । भारतीय स्वतन्त्रता दिवसलाई विद्रोहीहरुले कालो दिनको रुपमा मनाए । भारतीय राष्ट्रिय झण्डालाई लात्तीले हान्ने कार्य भयो । १५ अगष्टको शुक्रबारे प्रार्थनासभापछि विभिन्न सहरमा भडकेको मुठभेडमा ६७४ जना घाइते भए । त्यस्को भोलिपल्ट पाकिस्तानको स्वतन्त्रता दिवस परेको थियो । विद्रोहीहरुले सर्वत्र पाकिस्तानको झण्डा फहराए । सुरक्षा बलले हस्तक्षेप गर्दा धेरै आन्दोलनकारीहरु घाइते हुन पुगेका थिए । टियर ग्यास सेल लागेको कारण २१ अगष्टका दिन फेरि एक युवक सुरक्षाकर्मीद्वारा मारिन पुगे भने ७० जना घाइते भए । विद्रोहीहरुले प्रहरी अधिकृतहरुको घरमा समेत आक्रमण गर्न बाँकी नराख्दा प्रहरीको जागिर छोडी भाग्ने पनि देखिए । मर्ने र मार्ने कार्य सेप्टेम्वर महिनाभरी पनि रोकिएन । विभिन्न स्थानमा गरी धेरैको हताहत र हजारौं घाइते भए । आन्दोलन २०१७ अप्रिलसम्मै तन्कियो । आन्दोलनकै कारण विधानसभाको सदस्यहरुले पनि राजिनामा दिने स्थिति आयो ।

यसरी खाली हुन गएको सिटमा भारत सरकारले उपचुनाव गरायो जस्लाई बिद्रोहीहरु बहिष्कार गरिदिए । कास्मिर भएको आन्दोलन विश्वले थाहा नपाओस भनी भारत सरकारले इन्टरनेट सेवा, सामाजिक संजाल र आन्दोलनको समाचारलाई प्रतिवन्ध लगाएको थियो । मानव अधिकारकर्मीहरु समेतलाई जेल चलान गरिएको थियो भने आन्दोलन दबाउन नचाहने प्रहरीहरुलाई कारवाही गरिएको थियो । संयुक्त राष्ट्रसंघ, युरोपेली आयोग, इस्लामिक सहयोग संगठन, चीन, टर्की, अमेरिका, इटली, बेलारुस, एमनेष्टी र ह्यूमेन राइट वाचले आन्दोलनको समयमा भारत सरकारले गरेको मानव अधिकार उल्लंघनको घटनाको भर्त्सना गरेको थियो । पाकिस्तानले त बुरहानलाई शहिद नै घोषणा गऱ्यो ।

देशभित्रै पनि विपक्षी दल कांग्रेसले भारतीय जनता पार्टीले गरेको दमनको खुलैरै विरोध गरेको थियो । अयोध्यामा रहेको प्राचीन बाबरी मस्जिद भत्काई लोकप्रिय भई भारतीय राजनीतिमा हावी हुन पुगेको कट्टर हिन्दुवादी भारतीय जनता पार्टीको शासन रहिरहने हो भने कास्मिरमा मात्रै नभै मुसलमान बहुसंख्यक भएको भारतको विभिन्न प्रदेशहरुमा स्वतन्त्रताको आन्दोलन नचल्ला भन्न सकिन्न । त्यसो भएमा भारत सोभियत संघ जस्तै टुक्रा टुक्रा हुन बेर लाग्ने छैन । स्वतन्त्र पर्यवेक्षकहरु प्रश्न गर्ने गर्छन् कास्मिरमा भारतको त्यत्रो ज्यादती हुँदा समेत किन काश्मिरले विश्वको ध्यान खिच्दैन ? किन कास्मिर बंगलादेश जस्तो स्वतन्त्र हुँदैन ?

## रोचक संसार

### बिल गेट्सको सुपर गाई



माइक्रोसफ्टका संस्थापक तथा अमेरिकी उद्योगपति बिल गेट्सले जैविक अनुसन्धानको माध्यमबाट सुपर गाईको उत्पादन गर्ने एक महत्वाकांक्षी परियोजना सुरु गर्दैछन् ।

एडिनबर्गस्थित लिवस्टक भेटेरिनरी मेडिसिन रिसर्चमा यसका लागि ४ करोड डलरको मोटो रकम उनले लगानी गरेका छन् । एडिनबर्ग विश्वविद्यालयको भ्रमणका क्रममा उनले यस कोषको घोषणा गरेका हुन् । रिपोर्ट अनुसार यस्तो सुपर गाईले युरोपेली गाईले भन्दा धेरै दूध देओस् भन्ने बिल गेट्स चाहन्छन् । साथै यसमा अफ्रिकी गाईमा जस्तै अत्यधिक गर्मी सहन गर्ने क्षमता तथा उच्च तापक्रम सहन गर्नसक्ने क्षमता हुनेछ । साथै यो कोषको प्रयोग मजबूत फसल विकसित गर्ने तथा विभिन्न रोगव्याधीको रोकथामसम्बन्धी अनुसन्धानमा पनि हुनेछ । जुन अफ्रिकी किसानको आर्थिक नोकसानको कारण बन्ने गरेको छ ।

यद्यपि, सुपर गाई कसरी बनाउने भन्ने अहिलेसम्म स्पष्ट भैसकेको छैन । बिजनेस इनसाइडरको रिपोर्टमा चाहीँ कृत्रिम गर्भाधानबाट यो सम्भव हुने बताइएको छ ।

कतिपय वैज्ञानिकहरुले चाहीँ यस्तो खाले सुपरगाई वातावरणका लागि हानिकारक हुनसक्ने चेतावनी दिएका छन् । किनकी यसबाट उच्च मात्रामा मिथेन ग्यास उत्पादन हुन्छ । तर बिल गेट्सले चाहीँ यो गाईले विश्वको गरिबी तथा भोकमरीसँग लड्न मद्दत गर्ने दाबी गरेका छन् ।


### अग्ला पुरुष र होची महिला



विश्वका सबैभन्दा अग्ला पुरुष र सबैभन्दा होची महिलाबीच भेटघाट भएको छ । अनि उनीहरुको भेटघाटका क्रममा भएको फोटोसुट दुनियाँकै लागि अविष्मरणीय बनेको छ ।

दुनियाँकै अग्ला व्यक्तिको रुपमा गिनिज बुकमा दर्ज भएका टर्कीका सुल्तान कोसेन र विश्वकै होची महिलाको रुपमा रहेकी भारतकी ज्योति अम्गेबीच इजिप्टमा भेट भयो । सुल्तान कोसेनको उचाई ८ फिट १ इन्च छ भने ज्योतिको उचाई २ फिट अग्लो छ । इजिप्टको पर्यटन प्रबर्दन बोर्डको निम्तामा यो जोडी इजिप्ट पुगेको थियो । त्यसक्रममा उनीहरुले गिजाको पिरामिडमा पुगी गज्जबको फोटोसुट गरे । इजिप्ट भ्रमणका क्रममा उनीहरु कायरोका लोकप्रिय ठाउँहरुको भ्रमण गरे भने एक होटेलमा भएको सम्मेलनमा क्रममा सम्वाद पनि गरे । सन् २०११ मा दुवैजनाले विश्व रेकर्ड कायम गरेका थिए, जुन अहिलेसम्म तोडिएको छैन ।

### मऱ्यो दुनियाँकै बुढो गोरिल्ला



काठमाडौं । विश्वको सबैभन्दा पाको उमेरको पोथी गोरिल्ला अब यो दुनियाँमा रहेन । अमेरिकाको सान डिएगो चिडियाखानामा रहेको विला नामक उक्त गोरिल्लाको ६० वर्षको उमेरमा निधन भएको छ ।

विलाको सन् १९५७ मा कंगोमा जन्म भएको थियो । यसले आफ्ना पाँच पुस्ता देखेर मरेको छ । मृत्युको समयमा उसका परिवारका सदस्यहरुले उसलाई घेरेको सान डिएगो चिडियाखानाले जनाएको छ ।


अर्का एक कर्मचारी रेन्डी रिचेजले चिडियाखानाका सदस्य, पाहुनाहरु तथा स्वयंसेवी र सदस्यहरुलाई उक्त गोरिल्लाको अभाव सधैं महसुस हुने बताए ।

### मान्छेले कुकुरलाई टोकेपछि

कुकुरले मान्छेलाई टोकेको भए त खासै समाचार नबन्न सक्थ्यो । तर अमेरिकामा एकजना मान्छेले कुकुरलाई टोकेपछि अन्तर ाष्ट्रिय खबर बनेको छ ।

अमेरिकाको न्यू ह्याम्पसायरस्थित बोस्कावेन कस्वेमा यो घटना भएको हो । पुलिसले उक्त क्षेत्रमा फायरिंग भएको सूचना पायो । घटनास्थलमा पुगेको पुलिसले फायरिंग गर्ने मानिसको खोजतलास सुरु गर्यो । सोही क्रममा पुलिसको कुकुरले कपडाको डंगूरमा लुकेको एकजना मानिसलाई पत्ता लगायो ।

जब पुलिसको त्यो कुकुर भुक्दै लुकेको संदिग्ध मानिसमाथि झम्टियो तब उक्त




मानिसले प्रत्याक्रमण स्वरुप कुकुरलाई समाएर थिच्दै कुकुरको टाउकोमा टोकिदियो ।

अभियुक्तले कुकुरलाई नै टोकेर हमला गरेपछि पुलिसहरुले तत्कालै हस्तक्षेप गरे । पुलिसले कुकुरलाई टोक्ने उक्त मानिसलाई पक्राउ गर्यो । उक्त मानिसले कुकुरलाई त टोकेकै थियो तर फायरिंगमा चाहीँ उसको भूमिका भए नभएको खुलेको छैन ।

### राष्ट्रपतिको विमानमा अढाई अर्बको रेफ्रिजेरेटर



अमेरिकी राष्ट्रपति चढ्ने एयर फोर्स वन विमानमा रहेका दुईवटा रेफ्रिजेरेटर फेर्नुपर्ने भएका छन् । र, यसका लागि ट्रम्प प्रशासनले विमान र त्यसका पाटपूर्जा बनाउने कम्पनी बोइंगसँग २ करोड ४० लाख डलर अर्थात् झण्डै अढाई अर्ब रुपैयाँ बराबरको सम्झौता गरेको छ ।

बोइङले सन् १९९० मा पहिलोपटक राष्ट्रपतिको प्रयोगका लागि एयर फोर्स वान विमान बनाएको थियो । ती विमानमा सुरुमै राखिएका रेफ्रिजेरेटर अहिलेसम्म फेरिएको छैन । यस विमानमा रहेका पाँचवटा रेफ्रिजेरेटरमा गरी करीब ३ हजार प्लेट खानेकुरा राख्न सकिन्छ । गत डिसेम्बर महिनामा अमेरिकी वायुसेनाले ती पाँचमध्ये दुईवटा रेफ्रिजेरेटरमा खराबी आएपछि त्यसलाई बदल्नका लागि बोइंगको साथमा सम्झौता गरेको थियो ।

एक सल्लाहाकारका अनुसार विमानलाई सुरक्षित राख्नका लागि सेनाको आवश्यकताहरु उच्च रहेका छन् । सोही कारण विमानमा महंगो मूल्यका विशेष उपकरणहरु राखिएको छ ।

### कुख्यात भवन



एउटा यस्तो भवन, जो पूरै विश्वमा सबैभन्दा धेरे बदनाम छ । थाहा छैन, तपाइँलाई यसबारेमा जानकारी छ या छैन । यदि छैन भने थाहा पाउनुहुनेछ अब । यो भवन बाहिरबाट जस्तो देखिन्छ, भित्रको दुनियाँ पूरै उल्टो छ । देख्दा त यो भवन अन्य आम भवनहरु जस्तै नै देखिन्छ ।

हङकङको फूजी इलाकामा रहेको यो भवन त्यसमा बस्ने यौनकर्मी महिलाहरुका कारण विश्वभर नै बदनाम छ । मिडिया रिपोर्टका अनुसार यस भवनमा केवल वेश्यावृत्तिमा संलग्न महिलाहरु मत्र बस्दछन् । बस्नेमात्र होइन, यो भवनमा ती महिलाहरुले दैनिक लाखौंको कमाई गरिरहेका हुन्छन् ।

यो भवन २२ तले छ । तीमध्ये ४ वटा तलामा मात्र पसलहरु रहेका छन् । अरु १८ वटा तलामा यौनकर्मी महिलाहरुले आफ्नो अखडा जमाइरहेका छन् । हरेक यौनकर्मी महिलाको आफ्नै वेश्यालय छ, त्यहाँ ।

समाचार अनुसार, यो भवनमा विभिन्न देशका गरी डेढ सयभन्दा धेरै यौनकर्मी महिलाहरु बस्दछन् । यहाँका वेश्यालयमा मानिसहरुको यति भीड लाग्दछ कि भवनका लिफ्टमा मानिसको लाइन हुन्छ । तन्नेरीदेखि वृद्धावस्थासम्मका ग्राहकहरु त्यहाँ पुग्दछन् ।

### उँटको शल्यक्रिया

साउदी अरबमा १२ वटा उँटलाई सौन्दर्य प्रतियोगिताबाट निष्कासन गरिएको छ ।

उँटलाई बढि भन्दा बढि सुन्दर तथा सुगठित देखाउनका लागि भन्दै मालिकहरुले ती उँटको सर्जरी गराएको खुलासा भएपछि यस्तो प्रतिबन्ध लगाइएको हो । मालिकहरुले आफ्ना उँटमा शल्यक्रिया गर्ने तथा बोटोक्सको सुई समेत दिएर सुडौल बनाउने प्रयास गरेका रहेछन् ।

साउदी अरेबियामा आयोजित सुल्तान अजिज उँट पर्वका हजारौं उँटहरु सौन्दर्य प्रतियोगितामा सहभागी भएका छन् । त्यसक्रममा सुडौल ओँठ तथा ढाड भएका



एक से एक उँटहरु देखिए । ती मध्ये कतिपय उँटलाई चाहीँ सुडौल बनाउनका लागि उनीहरुका मालिकहरुले सर्जरी नै गराएको पाइएको छ । उक्त उँट महोत्सवमा उँटको दौड तथा दुधको स्वादको प्रतियोगिता पनि भएको थियो ।

सौन्दर्य प्रतियोगितामा विजेता हुने उँटले ५ करोड ७० लाख अमेरिकी डलर बराबरको पुरस्कार हात पार्ने भएको हुँदा आफ्नो उँटलाई सबैभन्दा राम्रो देखाउनका लागि मालिकहरुले सर्जरीको सहारा समेत लिने असफल प्रयास गरे । उँटहरुको ओँठ, नाक तथा ढाड समेतमा बोटोक्स इन्जेक्सन दिएको पुष्टि भएपछि त्यस्ता उँटलाई प्रतियोगिताबाट निष्कासन गरियो ।

*अनलाइन खबरबाट*

प्रेरक

# सफलताको सूत्र



भारतीय सन्त स्वामी विवेकानन्द एकपटक अमेरिकामा एउटा नदीको किनारमा टहलिँदै थिए । त्यहाँको शान्त वातावरणमा उनी स्वच्छ वायु ग्रहण गर्दै नदीको स्वच्छता देखेर मुग्ध भइरहेका थिए । त्यसरी टहलिँदा उनमा अपूर्व जोस, जाँगर र उत्साह पैदा भइरहेको थियो । नदी किनारमा टहलिँदै टहलिँदै उनले त्यहाँ एउटा अनौठो दृश्य देखे । त्यहाँ केही युवक एउटा पुलमा उभिएर तैरिरहेका अन्डाका बोक्रालाई गोलीको निसाना बनाउने कोसिस गरिरहेका थिए, तर सफल हुन सकिरहेका थिएनन् । यो सब देख्दा स्वामीको ओठमा मुस्कान आयो ।

स्वामीजी मुस्कुराएको देखेर एक युवकले रिसाउँदै भन्यो- यो काम यति सजिलो छैन, जति सजिलो तपाईंलाई लागिरहेको छ महाशय । तपाईं पनि यसमा निशाना लगाएर हेर्नोस् । अनि बुझ्नु हुनेछ यो काम कति कठिन छ भनेर ।' ती युवकको कुरा सुनेर स्वामी विवेकानन्दले बन्दुक समाए र एक एक गरी १२ वटा अन्डाका बोक्रालाई गोलीको निसाना बनाए । उनको त्यस्तो अचुक निसाना देख्दा युवकहरु चकित परे । तिनले सोचे यी स्वामीले अवश्यै धेरै दिनदेखि बन्दुक चलाइरहेका थिए होलान् । तब त यिनको निसाना यति अचुक थियो । उनीहरुमध्ये एकले भने पनि- तपाईंले लामो समयदेखि यसरी गोली चलाउन अभ्यास गर्नु भएको थियो होला । अनि त यसरी निसाना लगाउन सफल हुनुभयो नि । तर हामी त भर्खरै सिक्दैछौं । त्यसैले हाम्रा लागि यो कटिन सावित भयो ।

ती युवकको कुरा सुनिसकेपछि स्वामीजीले भने- बन्दुक चलाउने अभ्यासको त कुरै छोड, आजसम्म मैले बन्दुक समातेको समेत छैन । उनको कुरा पत्याउन युवकलाई कठिन भयो । उनीहरुले अविश्वास देखाएपछि स्वामीले भने- हेर कुनै पनि विषयमा सफलता पाउन मनको संयम एकाग्रता सबभन्दा बढी आवश्यक छ । यदि तिमीहरुले पनि संयम र एकाग्रतापूर्वक प्रयास गरेको भए अवश्य सफलता पाउने थियौ । त्यसैले जे गर्छौ त्यसमा संयम र एकाग्रतापूर्वक लागि पर । सफलता तिम्रो पाउमै आइपुग्छ ।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

## मेष

परिस्थितिवश चिताएको काम रोकिन सक्छ । आफ्नो मिहिनेतबाट अरूले फाइदा उठाउने चेष्टा गर्नेछन् । मौका आए पनि काम थाल्नुअघि राम्ररी विचार पुऱ्याउनुहोला । व्यवसायमा बाधा पुग्नेछ भने अरूका लागि बुद्धि खर्चनुपर्ने देखिन्छ । व्यवसायभन्दा सेवामूलक कामबाट राम्रो उपलब्धि प्राप्त हुनेछ । तत्काल ठूलो फाइदा नदेखिएकाले लाभ उठाउन हतार नगर्नुहोला ।

## बृष

वचन पुऱ्याउन नसक्दा अरूले आलोचना गर्न सक्छन् । आफ्नो क्षमताको कदरभन्दा कमजोरीमाथि टिप्पणी हुन सक्छ । बोलीको गलत अर्थ लगाउनेहरूले दुःख दिनेछन् । आत्मसम्मानमा चोट पुग्न सक्छ । पुग्दो रकम नहुनाले पनि समयमा काम गर्न समस्या पर्नेछ । विगतको श्रमबाट भने लाभ हुनेछ । शुभचिन्तकहरूको सहयोग जुट्नाले स्थितिमा सुधार आउनेछ ।

## मिथुन

विभिन्न अवसर प्राप्त भए पनि आफ्नै कमजोरीले पछि परिनेछ । अरूको मुख ताक्ने बानीले पनि पछि परिनेछ । विशेष योजना स्थगित हुन सक्छ । आफ्नो क्षेत्रमा समेत अरूले अधिकार जमाउन सक्छन् । खानपान र भेटघाटमा अलमलिनाले काममा बाधा उत्पन्न होला । तापनि मिहिनेत गर्दा पछिका लागि फाइदा हुने काममा जग बसाउने अवसर प्राप्त हुनेछ ।

## कर्कट

छिमेकमा असमझदारी बढ्ने देखिएकाले होसियारीसाथ काम लिनुहोला । फाइदाका लागि केही वस्तु त्याग्नुपर्ला । आवश्यक पर्दा सरसापट वा कर्जामार्फत धन जुट्नेछ । लामो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । आफ्नाबाट भने टाढिनुपर्ने हुन सक्छ । केही खर्च लागे पनि यात्राको प्रक्रिया अघि बढ्नेछ । लगानी बढाउनुपरे पनि प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ ।

## सिंह

मिहिनेतको राम्रो परिणाम प्राप्त हुनेछ । तारिफयोग्य काम सम्पादन गर्दै मनग्गे धन आर्जन गर्न सकिनेछ । आयआर्जनका स्रोत बढ्नेछन् र प्रतीक्षित नतिजाले पनि उत्साह जगाउनेछ । दैनिक काममा उल्लेख्य फाइदा हुनेछ । थोरै लगानीबाट मनग्गे नाफा उठाउन सकिनेछ । विभिन्न भौतिक साधन जुट्नेछन् भने दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय छ ।

## कन्या

पुराना कामको चर्चा हुनेछ भने मिहिनेत गर्दा उपलब्धिको स्रोत प्राप्त हुनेछ । तर, अरूका काममा समय खर्चनुपर्दा आफ्ना काम रोकिन सक्छन् । सामाजिक उत्तरदायित्व प्राप्त भए पनि जिम्मेवारी पूरा गर्नमा बाधा हुनेछ । परिस्थितिवश आफन्तबाट टाढिनुपर्ने हुन सक्छ । अवसरवादीहरूले आफ्ना कमजोरीको फाइदा उठाउने चेष्टा गर्नेछन्, सजग रहनुहोला ।

## तुला

सामाजिक उत्तरदायित्व वहन गर्दै फाइदा हुने काम र जिम्मेवारी हात पार्ने मौका छ । तारिफयोग्य कामले धेरैको मन जित्न सकिनेछ । समुदायको हितमा राम्रै काम गर्न सकिनेछ । टाढिएका साथीभाइ नजिकिनाले हर्ष बढ्नेछ । भाग्यले विभिन्न अवसर थमाउनेछ । उपलब्धिको स्रोत पहिल्याउन सकिनेछ । अरूको काममा जुट्नुपरे पनि फाइदा आफैंलाई हुनेछ ।

## वृश्चिक

पहिलेका समस्या दोहोरिनाले अलमल बढ्न सक्छ । हल्लाको पछि लाग्दा दुःख पाइनेछ । गोपनीयता बाहिरिनाले पनि काममा समस्या आइपर्ला । स्वास्थ्यसम्बन्धी चिन्ताले सताउन सक्छ । परिस्थितिवश आँटेको काममा बाधा हुन सक्छ । आफ्ना कामबाट अरूले फाइदा उठाउने चेष्टा गर्नेछन् । अरूकै लागि बुद्धि र श्रम खर्चनुपर्ला । समय अभावले योजना अधुरै रहनेछ ।

## धनु

पहिलेको सफलताले हौसला जगाउनेछ । नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरू बढ्नेछन् । काम बन्नुका साथै धनलाभ हुनेछ । बिछोडिएका आफन्तजनसँग रमाइलो भेटघाट हुन सक्छ । प्रेम र मित्रताको बन्धन कसिलो हुनेछ । विगतका कमजोरीलाई पनि सुधार गर्ने मौका छ । तर अधैर्य व्यवहारले आत्मसम्मानमा आघात पुर्याउन सक्छ, सजग रहनुहोला ।

## मकर

स्वास्थ्यसम्बन्धी चिन्ताले सताउन सक्छ । ईर्ष्या गर्नेहरूले काममा अवरोध पुऱ्याउन सक्छन् । आफ्ना कामबाट अरूले फाइदा उठाउने चेष्टा गर्नेछन् । अरूकै लागि बुद्धि र श्रम खर्चनुपर्ला । हल्लाको पछि लाग्दा दुःख पाइनेछ । बलभन्दा बुद्धिको उपयोगले फाइदा दिलाउनेछ । यात्राका नाममा अनावश्यक खर्च हुन सक्छ । हुलमुलमा धनमाल जोगाउन सजग रहनुहोला ।

## कुम्भ

प्रयत्न गर्दा चिताएका काम सम्पादन हुनेछन् । सुखद समाचारले दिन उत्साहपूर्ण रहनेछ । अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ । सहपाठीहरू पछि पर्नेछन् । मिहिनेतले प्रतिष्ठित काम सम्पादन गर्ने मौका दिलाउनेछ । व्यापारमा धेरै फाइदा नभए पनि पशुपालन तथा कृषि क्षेत्रबाट राम्रो लाभ मिल्नेछ । सन्तान वा अनुयायीको साथले पनि हिम्मत जगाउनेछ ।

## मीन

अप्ठ्यारा परिस्थितिसँग सम्झौता गर्नु परे पनि बुद्धि लगाउँदा लक्ष्य पहिल्याउन सकिनेछ । साझेदारीमा देखिने समस्याले पहिलेको सम्झौता भंग हुन सक्छ । बेसुरमा वचन दिनाले दुःख पाइनेछ । तापनि, साथीभाइले साथ दिनेछन् । पशुधन र जमिनबाट लाभ हुनेछ । मान्यजनको सुझाव शिरोधार्य गर्दा फाइदा हुनेछ । परिवारमा आमाको माध्यमबाट काम बनाउन सकिनेछ ।

# रिमाललाई बोर्डको सहयोग

चलचित्र विकास बोर्डको मातहतमा रहेको चलचित्रकर्मी कल्याणकारी कोषबाट बिरामी चलचित्रकर्मीलाई सहयोग गरिएको छ । केही समयदेखि स्वास्थ्यमा समस्या देखिएका कारण उपचार गराइरहेका चलचित्रकर्मी तथा साहित्यकार हरिप्रसाद रिमालको घरमै पुगेर कल्याणकारी कोषबाट ४ महिनाको मासिक भत्ता हस्तान्तरण गरिएको छ । बोर्डमा अध्यक्ष पद रिक्त भएपछि चार महिनादेखि चलचित्रकर्मीले प्राप्त गर्दै आएको सहयोग रकम रोकिएको थियो । यस्तै, चलचित्र विकास बोर्डले बिरामी मेकअप आर्टिस्ट इन्द्र लामालाई नगद १ लाख रकम हस्तान्तरण गरेको छ । उनको हाल मनमोहन अस्पतालमा उपचार भैरहेको छ । यस्तै, चलचित्र विकास बोर्डले लामो समयदेखि चलचित्र लेखनमा सक्रिय लेखक मौनता श्रेष्ठलाई पनि नगद १ लाख सहयोग गरेको छ । उनी, पनि लामो समयदेखि उपचार गराइरहेका छन् ।

# दयाहाङको महासंग्राम

'मस्ट डिमान्डेड' एक्टर भए पनि बक्स अफिसमा बिक्न छाडेका नायक हुन् दयाहाङ राई । जसरी उनले लगातार फिल्महरु गरिरहेका छन् त्यसरी नै कलेक्सनको मामलामा उनी कमजोर साबित भइरहेका छन् । यस वर्ष प्रदर्शनमा आएका फिल्महरुमध्ये 'मिस्टर झोले' ले मात्र उनलाई राहतको सास फेर्न दियो । अन्य फिल्म त हलमा लागेको र उत्रिएको समेत पत्तो भएन । अब उनलाई सबैभन्दा ठूलो आश फिल्म 'कान्छी' माथि छ । दुई गीत र ट्रेलरले बनाएको हाइप हेर्दा लाग्छ यो फिल्मले बक्स अफिसमा राम्रै पैसाको भेला बगाउनेछ । तर, पछिल्लो समय दयाहाङको बाटोमा दुई युवा स्टार अनमोल केसी र प्रदीप खड्का तगारो बनिरहेका छन् ।

'कान्छी' ले सुरुमा घोषणा गरेको माघ २६ मा 'कृ' भिड्न आयो । 'कान्छी' फागुन ४ मा पुग्यो । चैत ३० मा प्रदीपको फिल्म 'लिलिबिली' आउँदैछ । यो मितिमा दयाहाङको 'नेप्टे' पनि छ । बलिउड फिल्म '२.०' का कारण प्रदीप बैशाख १४ मा पुगेपछि 'नेप्टे' चैत ३० मा आएको थियो । अब फेरि ' लिलिबिली' पुरानै मितिमा फर्किएको छ अर्थात, चैत ३० मा ।

# श्वेताको कमब्याक

श्वेताले निर्माण र अभिनय गरेको फिल्म 'कान्छी' फागुन ४ गतेबाट प्रदर्शनमा आउँदैछ । उनको यो फिल्ममा नायक दयाहाङ राईसँग जोडी बाँधिएको छ । 'कान्छी' ले आफ्नो कमब्याक सफल बनाउनेमा उनी विश्वस्त छिन् । 'चरि चट्ट परी' र 'यो जिउ दाउमा लाउने' बोलको गीतकै कारण यतिबेला फिल्म राम्रो हाइपमा छ । गीतसंगीत उत्कृष्ट भएकै कारण धेरै फिल्मले बिजनेशमा बाजी मारेको रेकर्ड फिल्म क्षेत्रमा छ । त्यसैले पनि ' कान्छी' को व्यापारिक सफलताको लागि यी दुई गीतले ठूलो अर्थ राखेको छ । हालसालै सार्वजनिक भएको ट्रेलरले पनि फिल्मलाई थप प्रतिक्षित बनाएको छ । 'कान्छी' लाई 'कोहिनुर' फेम निर्देशक आकाश अधिकारीले निर्देशन गरेका हुन् । यो फिल्ममा अनु शाह, प्रज्जवल सुजल गिरी र तेस्रोलिङ्गी अभियान्ता भूमिका श्रेष्ठको पनि अभिनय छ ।

शैलेश खड्का निर्माता रहेको फिल्ममा रविन खड्का सहनिर्माताको रुपमा रहेका छन् । ग्रामीण भेगकी कान्छीको कथा बोल्ने फिल्ममा पुरुषोत्तम प्रधानको छायांकन, शम्भूजित बाँस्कोटा, अर्जुन पोखरेल र राजनराज सिवाकोटीको संगीत रहेको छ ।

# "स्याल कुखुरी" सार्वजनिक

'स्याल कुखुरी' बोलको रमाइलो गीतको भिडियो सार्वजनिक भएको छ । तेजस रेग्मी र ज्योती मगरको स्वर रहेको यो गीतमा तेजसकै शब्द तथा संगीत छ । यो गीतको भिडियोलाई निर्देशक सरोज रोशन भट्टराईले रोचक तरिकाले प्रस्तुत गरेका छन् । सुजन शाहीको सम्पादन रहेको भिडियोमा यादव देवकोटा, ज्योती मगर र राजु भुजेलले मोडलिङ गरेका छन् । युटुबमा अहिले यो गीतले चर्चा पाइरहेको छ । भिडियोमा 'सरापे' नामले परिचित यादव देवकोटालाई विभिन्न ५ गेटअपमा प्रस्तुत गरिएको छ ।

# कलाकर्मीको फुटबल मोह

नेपाल टेलिभिजनको वार्षिकोत्सवको अवसर पारेर नेपाली चलचित्रका कलाकार र टेलिभिजनका कर्मचारीले मैत्रीपूर्ण फुटबल खेलेका छन् । सिंहदरबारभित्र आयोजना भएको खेलमा दुबै टिमले बराबरी खेल खेलेका छन् । दुबै टिमबाट २-२ गोल भएको छ । कलाकारहरुको तर्फबाट सुनिल थापा, दीपाश्री निरौला, लक्ष्मी गिरी, धिरेन शाक्य, सलोन बस्नेत, सरिता लामिछाने, कविता शर्मा, शंकर बीसी, युवराज चौलागाई लगायतले फुटबल खेले । कलाकार लक्ष्मी गिरी सारीमै मैदानमा उत्रिएकी थिइन् । मैदानमा कलाकारहरुको फुटबल मोह गज्जबले देखिएको थियो ।

# अबुधाबीमा ल्होसार साँझ

यूएईमा संघर्षरत नेपाली कलाकार, साहित्यकार तथा स्रष्टाहरूको साझा संस्था अन्तर्राष्ट्रिय नेपाली कलाकार समाज (इनास) यूएई अन्तर्गत अबुधाबी क्षेत्रीय समितिको आयोजनामा सोनाम ल्होसार साँझ(२०१८ भव्य रूपमा सम्पन्न भएको छ । गत २६ जनवरी, शुक्रबार यूएईको राजधानी अबुधाबीस्थित फोल्कलोर थिएटरमा सम्पन्न भएको कार्यक्रममा नेपालबाट आमन्त्रित कलाकारहरु र यूएईमा कार्यरत नेपाली गायक तथा गायिकाको प्रस्तुतिसँगै ल्होसार मनाइएको हो

*(एजेन्सीहरुबाट)*

# अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Malleable = पट्याउन, दोब्राउन मिल्ने, कुंदन मिल्ने Gold is a malleable metal (सुन कुंदन मिल्ने धातु हो)

Nostalgia = घर, परिवार र देश संझेर परदेशमा रहंदा दुखित हुने प्रवृति During my study abroad, I never had nostalgia (विदेशमा बसेर अध्ययन गर्दा मलाइ कहिले पनि घरको मायाले सताएन)

Occult = गोप्य, रहष्यमय, लुकेको, अनौठो Those perfect in Yoga do occult practices (योगका ज्ञाताहरूले अनौठो, अनौठो अभ्यास गर्दछन )

Pedantic = नियममा प्रतिवध्द । शास्त्रिय A pedantic teacher attaches big importance in grammatical rules and regulations (शास्त्रिय गुरुहरूले ब्याकरणको नियम उपनियमहरूलाई ठूलो महत्व दिन्छन)

Quietude = शान्त शितल The quietude air pervading in the hill relaxed me a lot (पहाडमा चलेको शितल वतासले मेरो थकान मेटीदियो )

Recant = आत्मा आलोचना गर्नु Recanting his former belief he joined the parent organization (आत्मा आलोचना गर्दै उस्ले पुनः पुरानै पार्टी प्रवेश गर्‍यो )

Sarcastic = चोट पुर्‍याउने किसिमको A sarcastic person like you can not integrate yourself in such a lovely environment (यस्तो प्रिय बातावरणमा तिमीजस्तो अर्कालाइ घोच्ने गरी भन्ने मान्छे टिक्न सक्तैनौ )

Tirade = हप्काइ दप्काइ, गनगन गर्नु As soon as the meeting begins, the boss goes into lengthy tirade (मिटिंग शुरु हुन पाएको छैन हाकिम कहिले नसकिने गनगन र हप्काइ दप्काइ गर्न शुरु गरिहाल्छन)

Unfledged = अपरिपक्व The publishers do not take risk by financing the unfledged writers (प्रकाशकहरूले अपरिपक्व लेखकहरूको कृति प्रकासन गर्ने खतरा मोल्दैनन )

Verbose = शब्दजंजालले परिपूर्ण A verbose speech can not attract the audience (शब्दजंजालले पूर्ण पट्यारलाग्दो भाषणले श्रोता आकर्षित गर्न सक्तैन )

# सामान्य ज्ञान

शून्य अंकको प्रयोग कहिले र कुन देशमा भएको थियो ?
• सन् ८५० भारत

विश्वमा सबभन्दा बढी मूर्ति कसको छ ? • गौतम बुद्ध

साझा पुरस्कार दिने व्यवस्था कहिलेदेखि सुरू भएको हो ?
• २०२६ साल

सर्वप्रथम नेपालमा रेडियो स्टेशनको स्थापना कहिले र कहाँ भएको थियो ?
• २००७ साल विराटनगर

कुनचाहिँ चराले घाँस सिएर आफ्नो गुँड बनाउँछ ? • तोपचरा

जनावरहरूमा कसले घर बनाउँदैन ? • बाँदर

चराहरूमा कुन चराले गुँड बनाउँदैन ? • कोइली

काखीमुनिको रौंलाई के भनिन्छ ? • जाबो

विश्वमा सबभन्दा बढी बोल्ने भाषा कुन हो ? • चिनियाँ भाषा

विक्रमसंवत कसले चलाएका हुन् ? • विक्रमादित्य, उज्जैनका राजा

सिहदरबारमा कहिले आगलागी भएको थियो ? • २०३० असार २५

पहिलोपल्ट एउटा मानिसको आँखा अर्को मानिसमा सार्न सफल हुने नेपाली डाक्टर को हुन् ? • डा. रामप्रसाद पोखरेल

फ्रान्सको पेरिसमा फ्रान्सेली राष्ट्रपतिको सरकारी निवास कुन हो ?
• एलिसी प्यालेस

बेलायतको प्रधानमन्त्रीको सरकारी निवासलाई के भनिन्छ ?
• टेन डाउनिङ स्ट्रिट

नेपालको सबैभन्दा ठूलो सरकारी भवन/प्रधानमन्त्रीको कार्यालय कुन हो ?
• सिंहदरबार

भारतको नयाँदिल्लीमा राष्ट्रपतिको सरकारी निवास कुन हो ?
• राष्ट्रपति निवास

इटलीको रोम नगरमा धर्म गुरू पोपको निवास स्थान कुन हो ?
• भेटिकन

संसारका शक्तिशाली अमेरिकी राष्ट्रपतिको सरकारी निवास कुन हो ?
• ह्वाइट हाउस

बेलायतको लण्डनमा सरकारी कार्यालयहरू भएको ठाउँलाई के भनिन्छ ?
• ह्वाइट हल

## सुडोकु-अंक ८८

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | २ | | | | ९ |
| | | ६ | ९ | | ४ | ३ | | |
| | ८ | | | | | | २ | |
| ५ | | ४ | ६ | | ९ | ८ | | २ |
| | | १ | | | | ७ | | |
| ८ | | २ | ४ | | १ | ९ | | ३ |
| | ४ | | | | | | ३ | |
| | | ५ | ७ | | ६ | २ | | |
| २ | | | | १ | | | | ४ |

## अंक ८७ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ९ | ८ | ३ | ५ | ४ | १ | ६ | २ | ७ |
| ५ | ७ | ४ | ३ | २ | ६ | १ | ९ | ८ |
| १ | ६ | २ | ८ | ७ | ९ | ५ | ४ | ३ |
| ८ | ४ | ७ | ९ | ३ | ५ | २ | ६ | १ |
| ६ | २ | १ | ४ | ८ | ७ | ९ | ३ | ५ |
| ३ | ५ | ९ | १ | ६ | २ | ८ | ७ | ४ |
| ४ | ३ | ५ | २ | ९ | ८ | ७ | १ | ६ |
| २ | १ | ६ | ७ | ५ | ३ | ४ | ८ | ९ |
| ७ | ९ | ८ | ६ | १ | ४ | ३ | ५ | २ |

# फरक थाहा पाउनुहोस्

**Redundancy बारे थाहपाई राख्नुहोस**

Redundancy भनेको आवश्यकै नपर्ने शब्द वा वाक्य प्रयोग गर्नुलाई बुझाउँछ । जस्तो Repeat अर्थ दोहाऱ्याउनु वा to say again भन्ने हुन्छ । तसर्थ कि Repeat भनेर प्रयोग गर्नु पऱ्यो कि त say again भनी प्रयोग गर्नु पऱ्यो तर कसैले repeat again भनी प्रयोग गऱ्यो भने अंग्रेजी ब्याकरण अनुसार गल्ती हुन जान्छ जसलाई Redundancy भनिन्छ । तसर्थ यस्तै अरु Redundancy हरुजानी राख्नुहोस् ।

कि त Be of one opinion कि त Consensus तर Completely consensus कहिलै नभन्नुस् !

कि त Monopoly कि त Complete control of one तर Complete monopoly कहिलै नभन्नुस् !

कि त Connect up कि त Join with तर Connect up with कहिलै नभन्नुस् ।

कि त Cooperate कि त Work together तर Cooperate together कहिलै नभन्नुस् ।

कि त Cover कि त Put over तर Cover over कहिलै नभन्नुस् ।

कि त Descend कि त Go down तर Descend down कहिलै नभन्नुस् ।

कि त Each कि त Everyone तर Each and everyone कहिलै नभन्नुस् ।

कि त Sign on the back कि त Endorse तर Endorse on the back कहिलै नभन्नुस् ।

कि त Entirely out rooted कि त Eliminated तर Entirely eliminated कहिलै नभन्नुस् ।

कि त Extremely importance कि त Prime importance तर Extremely prime importance कहिलै नभन्नुस् !

# बालअधिकार तथा बाल संरक्षण तालिमका झलक














## बालक्लवलाई बालअधिकार तथा बालसंरक्षण सम्बन्धी तालिम

बाल विकास समाजको आयोजनामा तथा सेभ द चिल्ड्रेनको सहयोगमा संचालित"नेपालमा रहेका ईट्टाउद्योगमा कार्यरत बालबालिकाहरुको संरक्षण" परियोजना अन्तर्गत काभ्रे जिल्लाको रोशी गाउँपालिकामा रहेका खहरेपांगु, शिखरआम्बोटेमा रहेका बालबालिकाहरुलाई तालिममा सहभागि गराइयो। काभ्रे जिल्लाको शिखरआम्बोटे रोशी वडा नं २ लक्ष्मी नारायण मा,वि मा २ दिने बालक्लबका पदाधिकारीहरुलाई बाल अधिकार र बाल संरक्षण बिषयमा तालिम संचालन गरिएको थियो । तालिमको सहजीकरण बाल विकास समाजका कार्यक्रम सुपरभाईजर सुशिला नेपालीले गर्नु भएको थियो ।

तालिममा बालबालिका, पदाधिकारीहरुको काम कर्तव्य, बाल दुर्व्यवहार हिंसा शोषण, बाल क्बवबाल क्लबको महत्व, बालक्लव बैठक नमुना, बाल अधिकार, संरक्षण नेपालमा रहेको बाल अधिकार सम्बन्धि कानुन, बाल अधिकारका सवालहरु, स्थानीय शासन ऐनको बारेमा जानकारी दिइएको थियो । संस्थाले बालक्लवमार्फत विशेष गरी बाल सहभागिताको अधिकारलाई प्रवर्द्धन गरिरहेको छ। अर्थपूर्ण बाल सहभागिताको अधिकारलाई पूर्ण रुपमा सबै बालबालिकाहरुमा लागू हुनुपर्नेमा पनि यस संस्थाको मान्यता रहेको छ। बालक्लवमार्फत यस प्रकारका तालिमहरु सञ्चालन गरिएको खण्डमा प्रभावकारी हुने देखिन्छ । अहिले बालबालिकाहरु तालिमबाट थप चेतनसिल भएका र उनीहरु आफ्नो अधिकार तथा कर्तव्यबाट अनि जानकार भएका छन् । विभिन्न सामुदायिक विद्यालयहरुमा पनि बालक्लव गठन गरी सञ्चालनमा रहेको अवस्थामा थप क्लवहरु पनि थप संगठित हुँदै गएका छन् । बालक्लवमार्फत बालबालिकाहरुमा भएका विविध किसिमका समस्याहरु पनि बाहिर आइरहेका छन् । यस प्रकारका तालिमबाट सहभागीहरुले बालक्लवले गर्न सक्ने कार्य योजनाहरु पनि निमार्ण गर्न सक्ने भएका छन् । यसबाट उनीहरुमा आफ्नो वडा कार्यालयमा गएर योजना कार्यमा भाग लिन सक्ने पनि भएका छन् । वडा कार्यालयमा आफ्ना योजनाहरु तर्जुमाका लागि पहल गर्न पनि बालबालिकाहरुलाई यो तालिमले थप प्रेरित गरेको छ । काभ्रे जिल्लाको रोसी गाउपालिकामा बाल विकास समाजमार्फत बालक्लवहरुलाई सशक्तिकरण गर्ने कार्य भइरहेकोले बालबालिकाहरुलाई तालिम दिइएको हो ।

बाल विकास समाजले रोसी गाउपालिकमै ७ वटा बालक्लव पुनगर्ठन गरेको छ । हरेक बालक्लवमा १३ सदस्यीय पदाधिकारी रहनेगरी बालक्लव गठन गरेको हो । यसरी पुनगर्ठन हुने बालक्लवमा रोशी १ खहरेपांगु चेतना बालक्लव, पांगु स्याउरी बालक्लव, रोशी २ शिखरआम्बोटे लक्ष्मी नारायण बाल क्लव, ग्रामोस्थान बाल क्लव, मिलिजुली बाल क्लव, रोशी १ खहरेपांगु पांगुडाडा बाल क्लव, महादेवटार रोशी ४ जोगेश्वर बाल क्लव, हुन । बालक्लव गठनपछि सहभागीहरुले संस्थाले बालअधिकार तथा बाल सहभागिताको अधिकार सुनिश्चत गर्नका लागि हामीलाई संगठित गरेकोमा खुशी लागेको र सोही अनुसार संस्थासँग समन्वाय गरी काम गर्ने कुरा बताएका थिए। बालबालिकाहरुको समस्यालाई लिएर कुनै पनि निकायमा जाँदा बालक्लमार्फत सजिलो हुने र छिटै प्रतिक्रिया आउने हुनाले पनि बालक्लवको प्रभावकारिता रहेको महशुस बालबालिकाहरुले गरेका थिए । तालिम समापनमा संस्थाका कार्यक्रम व्यवस्थापकले यस तालिमले बालबालिकाहरुमा एक प्रकारको जागरण ल्याउनमा सहयोग गरेको र सोही अनुसार अबका दिनहरुमा आफ्नो वडामा गएर बालबालिकाहरुको हित हुने किसिमका योजनाहरु पेश गरी सोही अनुसार कार्यक्रम गर्न सहज हुने कुरा बताउनु भएको थियो । उहाँले संस्थाले आगामी दिनहरुमा पनि यस प्रकारका कार्यक्रमहरु गर्न संस्थाको पहल रहने र वडा कार्यालयबाट पनि सोही अनुसारको भूमिका खेल्नुपर्ने कुरा समेत बताउनु भएको थियो ।

### काभ्रे – बाल संरक्षण समिति गठन

बाल विकास समाजको आयोजनामा तथा सेभ द चिल्ड्रेनको सहयोगमा संचालित"नेपालमा रहेका ईट्टाउद्योगमा कार्यरत बालबालिकाहरुको संरक्षण" परियोजना अन्तर्गत काभ्रे जिल्लाको रोशी गाउँपालिकामा रहेका खहरेपांगु, शिखरआम्बोटे र महादेवटारमा रहेका सरोकारवाला विद्यालयका प्रतिनिधी, स्वास्थ्यका प्रतिनिधी, गाउँपालिकाका प्रतिनिधी, वडाका प्रतिनिधी, दलित प्रतिनिधि, बाल क्लब सन्जालका प्रतिनिधी, सेभ द चिल्ड्रेनका प्रतिनिधी र बाल विकास समाजको प्रतिनिधीहरुको सहभागितामा रोशी ४ मा १० रोशी १ मा १०, रोशी २ मा १० जनाको सहभागिता रहेको बाल संरक्षण समिती निर्माण गरियो । साथै ९ जनाको सदस्य रहनु पर्नेमा एक जना वडा अध्यक्ष संरक्षक रहने गरी १० जना सदस्यमा बाल संरक्षण समिती गठन गरियो । गठन पश्चात ३ वटै बाल संरक्षण समितीहरुलाई पालैपालो तालिममा सहभागी गराइयो ।

बाल विकास समाज र सेभ द चिल्ड्नको साझेदारीमा "नेपालमा रहेका ईट्टा उद्योगमा कार्यरत बालबालिकाहरुको संरक्षण" परियोजना अर्न्तगत काभ्रे जिल्लाको रोशी गाउँपालिकाको वडा नं.१, २ र ४ मा रहेका ३ वटा बाल संरक्षण समितीलाई पाएक पर्ने ठाउँमा तालिम संचालन गरियो । तालिममा बाल संरक्षण समितीका पदाधिकारी ,विद्यालयका प्रतिनिधी, स्वास्थ्य चौकीका प्रतिनिधी, बाल क्लबका प्रतिनिधी, महिला समुहका प्रतिनिधी, गाउका बद्धिजीवीहरुलाई तालिममा सहभागि गराइयो । तालिम संचालन र बाल संरक्षण समिती गठन जिल्ला बाल कल्याण समितीका सुचना व्यवस्थापक सरोज नेपालले सहजीकरण गर्नु भएको थियो । तालिममा बालबालिका, बाल संरक्षण समितिका पधाधिकारीहरुका काम कर्तव्य, बाल दुर्व्यवहार ,नेपालमा रहेको बाल अधिकार सम्बन्धि कानुन, बाल अधिकारका सवालहरु, स्थानीय शासन ऐनको बारेमा जानकारी दिने कार्य भयो र अन्तमा वार्षिक कार्ययोजना निर्माण गरि ३ दिने बालअधिकार र बाल संरक्षण तालिम समापन गरियो ।

**प्रस्तुति : सुशिला परियार**





## एकत्व...

अहिले जाति, वर्ण र वर्गका नाममा राष्ट्र विप्लव गर्छु भनी विप्लवहरुले भर्खरै चुनावमा दुःख दिएको भए पनि स्थानीय चुनावहरुका साथै राष्ट्रिय चुनावमा एकातिर सरकारमा बसेका नेपाली कांग्रेसका सत्तासीन शेरबहादुर देउवा सभापतित्वको कांग्रेस प्रयास र विपक्षमै देखिए पनि केपी ओलीको एमालेको खबरदारीले विप्लव हुन पाएन। स्थानीयदेखि राष्ट्रिय चुनाव सम्पन्न भइसकेका छन्। अब राष्ट्रियसभा चुनाव सम्पन्न हुनेमा पनि शंका छैन। यसबखत केपी ओलीको र कांग्रेसको जुहारी होइन नेपाल निर्माण गर्ने कार्यमा केपी ओलीलाई कांग्रेस विपक्षमै भएर पनि सहयोगी हात रहनेपर्छ। नत्र पृथकत्वले टाउको उठाएर पुनःर्वबादीको सुरुवात हुन बेर लाग्दैन। बरु व्यावहारिक रुपको जाति नेपाली नै हो, धर्म आर्यावर्तकै हो, महिला मह अर्चने अथवा सहअस्तित्वकै हुन् भनी व्यावहारिक बाटो अपनाउनैपर्छ। अरु पृथकका हकमा मर्कहरु समाधान गरी मेलक तत्वमा सम्पूर्ण प्रशासन सम्पूर्ण शिक्षा क्षेत्रका सबै नेपाली विश्वविद्यालयहरुले एक भएर काम गरिदिनु नै श्रेयष्कर छ, पृथकत्व होइन।

३. बहुधा: हाम्रा शिक्षा व्यावसायीहरुले देश देशावरका शिक्षाका जागिरदार जस्ता भएर नेपालमा उनका शिक्षा भित्र्याउने होइन, यस्तै मात्र गरिरहियो भने दुःखले नेपालीहरुले आर्जन गरेको पैसाले कमाएका शिक्षा पाउनेहरु पनि उनै उनै देशमा जानेछन् र नेपालको पलायन वृत्ति रोकिने छैन। त्यसैगरी नेपाल निर्माण छेकारो काटी रोकिनेछ। बहुदेशबाट पाएका ज्ञानका शिक्षाले पनि यही देशमा स्वरोजगारी अथवा स्वावलम्बी शिक्षितहरु पैदा हुनेपर्छ। पूर्व पश्चिम र उत्तर दक्षिणका गुणमात्र गाएर नेपाली स्वावलम्बी हुँदैनन्। आफ्नै स्वदेश अनुसारका रुपान्तरित वैज्ञानिक र ज्ञानीहरु मात्र ग्राह्य हुनेपर्छ। हाम्रै वैदिक ज्ञान गरिमायुक्त आयुर्वेदिक सीपहरु तिखारिएकै हुनुपर्छ। विश्वले धेरैतिर हेरी दुःख पाएका अज्ञानबाट हामी फसंगा हुन सकेनौं भने ती बहुधा शिक्षाहरु नै हाम्रै घातक हुन जान्छन्। भारतमा मुगलहरुका र अंग्रेजका शिक्षाबाट दुःख पाएका जस्तै पुनरावृत्ति मात्र गर्ने हो भने हाम्रै नेपाली सूर्यचन्द्राकित झन्डामाथि बज्रपात मात्र होइन, हाम्रा वैदिक हिमवतखण्डकै ज्ञान गरिमाबाट समेत विमुख हुनुपर्ने दिन आउनेछन्। यसैले विविधताको रंगीचंगीमा अल्मलिन छोडी आफ्नै ज्ञान गरिमा बढाऔं। नेपालीत्व र हिमवतखण्डको आर्यत्वको तिलाञ्जली दिनतिर नलागौं।

४. विश्वतोमुख: हामीले हावाको भरमा विश्वव्यापी हुनुभन्दा देश देशावरको र आफ्नो तुलनात्मक अध्ययनमा अपनत्व आफ्नै हिमवतखण्डको वैदिक नै हुनुपर्छ। उनीहरुको परिचयमा आफ्नो अनुहार पनि प्रस्टसंग हेर्न गर्नुपर्छ। स्तर निरुपण गर्दा समेत होस पुऱ्याएर आफू नमेटिने किसिमले स्तर निरुपण गर्न सिक्नैपर्छ। यसरी होस पुऱ्याएर विश्वको अध्ययन गरियो भने आफैं मेटिने दिन अवश्य आउने छैन। एक दिन हिमवतखण्डकै महिमा विश्वभरि गराइनेछ र विश्व शान्त सुन्दर तथा स्वस्थ समेत हुनेछ। अस्तु।

## भ्रष्टाचारको...

महाशाखा तथा विभिन्न डिभिजनका ठेक्का स्वीकृत गर्दा नियम मिची ठेक्का सदर गरी रकम उठाएको डिभिजनबाट पेमेन्टबापत पीसी उठाएको लगायतका थुप्रै उजुरी अख्तियार लगायत सम्बन्धित निकायमा रहेको बुझिएको छ।

आगामी बन्ने सरकारले आफूलाई हटाउनेभन्दा पनि भ्रष्टाचार प्रकरणबारे छानविन अघि बढाउन अख्तियारलाई आग्रह गर्ने सम्भावनाले महानिर्देशकको सातो उडेको विभागका वरिष्ठ अधिकारीहरुले दावी गरेका छन्। महानिर्देशक सिग्देल भ्रष्टाचार प्रकरणसँगै सचिव देवेन्द्र कार्कीलाई पनि भ्रष्टाचारको पहिरोले पुर्ने निश्चित भएको दावी विभागका वरिष्ठ अधिकारीहरुको रहेको छ।

(चन्द्रमणि प्रसाईंबाट)

## डलरको...

यसैबीच यो आयोजनाका स्थानीय नेपाली एजेन्ट वृन्दावनमान प्रधानांग हुन्। बाबु वृन्दावनमान प्रधानांग र छोरा विकेसमान प्रधानांगले यो विद्युत् खरिद सम्झौता गराउन वर्षौं वर्षदेखि सक्रियकेन्द्रमा धाइरहेका थिए। कोरियनबाट पहिल्यै ३६ करोड रकम बुझेका प्रधानांगमार्फत अहिले कोरियनले ५० करोड खर्च गरेको सूत्रको दावी छ।

प्राधिकरण सञ्चालक समिति तथा कार्यकारी निर्देशक कुलमान लगायतको सक्रियतामा भएको यो पीपीए घोटाला काण्डमा प्रबल अधिकारी तथा आधिकारिक ट्रेड युनियनले पनि भाग पाएको चर्चा अहिले प्राधिकरणभित्र व्याप्त रहेको छ।

## व्यापारघाटा...

अर्ब २६ करोड ६९ लाख ५१ हजारका सामग्री मात्र निर्यात भएका छन्। भारतसँग ३ खर्ब २८ अर्ब १४ करोड ५० लाख ३८ हजारको व्यापारघाटा रहेको छ। चीनसँगको व्यापारघाटा पनि बढिरहेको छ। चीनबाट ६७ अर्ब ८८ करोड ४० लाख ६१ हजारको आयात भएको छ। निर्याततर्फ भने १ अर्ब ५७ करोड ५६ लाख ९३ हजार रुपैयाँ मात्र रहेको छ। चीनसँगको व्यापारघाटा ६६ अर्ब ३० करोड ८३ लाख ६८ हजार रुपैयाँ रहेको छ। यसरी भारत र चीन पहिलो र दोस्रो व्यापारघाटा धेरै हुने मुलुकमा रहेका छन्। व्यापारघाटा हुने अन्य मुलुकहरुमा अर्जेन्टिना, इन्डोनेसिया, थाइल्यान्ड, दक्षिण कोरियालगायत छन्।

नेपालले व्यापारघाटा कम गराउन निर्यात प्रवर्द्धन गर्नुका साथै उत्पादनमा जोड दिनुपर्ने हुन्छ। सरकारले हालसम्म गरेका प्रयासहरु पर्याप्त छैनन्।

## कञ्चनपुरमा...

गर्न बाँकी रहेको अवस्थामा एसएसबीले रोकिदिएको वडाध्यक्ष चौधरीको भनाइ छ। नेपाल भारतबीच सीमा एकिन भइनसकेकाले निर्माण रोक्नु परेको एसएसबीले बताएको छ। यस क्षेत्रको जग्गाधनी पुर्जा लगायत प्रमाण नेपालीसँग रहेको र जमिन नेपालको भएकोमा कुनै दुईमत छैन। तर एसएसबीले पटक पटक हस्तक्षेप गर्ने र सीमामा आवतजावत गर्ने नेपाली जनतालाई विनाकारण दुःखसमेत दिने गरेको छ। एसएसबीको हस्तक्षेपको विषयलाई लिएर बेलौरी नगरपालिकाका प्रमुख पोतीलाल चौधरीसहित स्थानीय नेपाली सुरक्षा अधिकारीहरुले एसएसबीसँग छलफल गर्दा संयुक्त सीमा सर्भे टोलीले सीमा एकिन नगरेसम्म काम नगर्न एसएसबीले आग्रह गरेको छ। सीमा स्तम्भ नम्बर ३२ र ३४ को एकिन गरी टुंगो लगाउने दुवै देशका अधिकारीहरुले सहमति गरेका छन्। उच्च स्तरीय सीमा सर्भे टोलीले चाँडै नापजाँच गरी सीमाको एकिन गर्ने प्रजिअ कुमार खड्का बताउँछन्। भारतीय पक्षले ताराँका सीमावर्ती क्षेत्रमा विभिन्न ठाउँका पिलर भत्काउने, सार्ने र नेपाली भूमि मिच्ने काम गर्दै आएको छ। नेपालका सीमा रक्षक सतर्क रहन आवश्यक छ।

## सम्पादक...

मंसिर महिनामा वीर अस्पतालमा अप्रेसन गरिएको थियो। अप्रेसनपछि बालकोट लगिएको भट्टराईले झापास्थित आफ्नै निवासमा जाने इच्छा व्यक्त गरेपछि लगिएको थियो।

सम्पादक भट्टराईले टेलिफोनबाट दिएको जानकारीअनुसार गत बुधबार दिउँसो उहाँको निधन भएपछि सोही दिन अन्त्येष्टि गरिएको थियो। स्वर्गीय योगमाया पञ्चायती कालको समयमा झापामा राजनीति गर्ने बहुदलवादी नेताहरुबीच चिरपरिचित हुनुहुन्थ्यो। आफ्ना श्रीमानको पहिल्यै निधन भएपछि उहाँले घरपरिवारको दायित्व पूरा गर्दै राजनीतिक अभियन्ताहरुलाई सहयोग समेत पुऱ्याउने गर्नुभएको थियो। हक्की स्वभावकी योगमाया समाजसेवी र कर्तव्यपरायण महिला हुनुहुन्थ्यो। उहाँका चार छोरा एक छोरी हुनुहुन्छ। बुहारी नाति, नातिनासहित ठूलो परिवारको छहारीका रुपमा रहनुभएकी आमाको निधनवाट परिवारजनमा पर्न गएको अपूरणीय क्षतिप्रति ग्रेटर नेपाल साप्ताहिक परिवार हार्दिक समवेदना प्रकट गर्दै स्वर्गीय आत्माको चिरशान्तिको कामना गर्दछ।

## स्वराजको...

भारतले नेपालमाथि थिचोमिचो, सीमा अतिक्रमण, अदुवा,अलैंची जुट जस्ता कृषिजन्य उत्पादन धराशायी बनाउने भारतीय नीति परिवर्तन गर्नुपर्नेबारे प्रश्न उठाउन सक्नुपर्छ। भारतले ओगेटेका र काम नगरेका विद्युत आयोजना अगाडि बढाउने, हुलाकी राजमार्ग छिटो बनाउनुपर्ने विषयमा समेत स्वराजको ध्यानाकर्षण गराउन जरुरी छ। नेपालले पनि ठोस परराष्ट्र नीतिको निर्माण गरी जुनसुकै सरकार आए पनि छिमेकीलाई हेर्ने दृष्टिकोण समान बनाउनुपर्छ। कांग्रेस आउँदा भारततर्फ र वाम सरकार आउँदा चीनतर्फ ढल्कने पिपलपाते कूटनीतिको अन्त्य गरेर राष्ट्रिय स्वाभिमान र नेपाली राष्ट्रवादको स्पष्ट झल्को दिने गरी परराष्ट्र नीति तयार गर्न सक्नुपर्छ। त्यसैगरी नेताहरुले भारतप्रति चाहिनेभन्दा बढी भक्तिभाव देखाउने उनीहरुकै शब्दमा लम्पसारवादलाई त्याग्न सक्नुपर्छ।

स्वराजले दुई दिने भ्रमणमा राष्ट्रपति विद्यादेवी भण्डारी, प्रधानमन्त्री शेरबहादुर देउवा, माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल र मधेसकेन्द्रित दलका नेतासँग क्रमशः भेटवार्ता गर्ने कार्यक्रम छ। भारतीय विदेश मन्त्रालयले स्वराजको भ्रमणलाई सद्भावना भ्रमण भएको र यसले दुई देशबीच सम्बन्ध अझ सुदृढ बन्ने विश्वास व्यक्त गरेको छ।

नियात्रा

खोमदत्त बराल

# बेलायतको सेरोफेरो-११

गोरखा पल्टनको प्रथम बटालियन फौज यही ठाउँमा रहेछ। एक जना गोरखाली भाइ ड्युटीमा बसेको रहेछ। विजयजीका वासस्थान देखि नजिकै रहेको व्यारेक निश्चय पनि सुरक्षाका लागि पनि राम्रो रहेछ। विजयजीको छोरो बेलायतमा नै बसेर इञ्जीनियरिङ पढ्दै रहेछन्। कान्छी छोरी बाह्र क्लासको अध्ययनमा व्यस्तर पोख्त। आज विहानै देखि कम्प्यूटरमा बसेकिछिन्। कम्प्यूटर पनि ज्ञानार्जनको राम्रो श्रोत बनेको छ।

२०६८/०४/०५

विजयजीको घर च्याटिटनबाट हिजो चार बजे छोडियो। विजयजीको गाडी हकायमा आफू अगाडि साइड सिटमा थिए। विजयजीको मेडम र उमाजी पछाडीको सिटमा छन्। करिव डेड घण्टाका ड्राइभमा च्याटिटनबाट वारिवर स्क्वायर आइदो रहेछ। बाटो पनि केटी ओकाली ओराली। बाटो सफा। कही कतै भत्केको नपाइने। कतै पानी जमेर खाल्डो परेको पनि नभेटिने। सलल बगेको गाडीमा बसेर वरिपरि दृश्यावलोकनको मजा नै अर्कै वास्तवमा नै भन्नु पर्छ। प्रशस्त चौर। चौरमा सेता भेडाको बथान। भेडाहरु पनि निकै ठूला खाल्का। डेड घण्टाको बाटो भरी नै धेरथोर भेडाको बथान भेटिने। गाई बाच्छाको बथान पनि उत्तिकै। गहुँ पाकेर उस्तै पहेलपुर सुन्दर दृश्य। साँची नै भनै भने पोख्त कलाकर्मी चित्रकारले रंग मिलाएर बनाएको नक्सा जस्तै राम्रो ठाउँको यात्रा भयो। चित्रकार पनि कति अभ्यस्त होला। हरियो रंग भने ठाउँमा हरियौ। पहेलो भनेमा पहेलो र फूलफूलको खेती देखाउन रातो पहेलो। उत्तिकै मिलाएर रंग भरेको। बाटो वरिपरिको बोट बृक्षमा उत्तिकै मजाले मिलाएर कटानी र घटानी गरेको। सुन्दर प्रकृतिको वरदानमा पोख्त हातहरुले सजाएको देखिने। कतै रंगको घटी बढी र लतपतिएको नपाइने। क्या मजा क्या रमाइलो प्राकृतिक सुन्दरता भन्दा फोटो नक्साहरु मानव निर्मित कला राम्रो भन्छन्। तर रंग मिलाएर बनाएको हस्त निर्मित नक्सा जस्तो लाग्ने। कति राम्रो स्थान। यति राम्रो पनि पृथ्वीमा जमिन रचेको रहेछ। यो प्रभुले बनाएको हो कि, इसु क्रिष्ट आफूले नै आफ्ना भक्तहरुलाई चल्न खेल्न र आनन्द लिन दिएको खेलौना हो। मनमोहक र चित्ताकर्षक आनन्दको पावन भूमि जस्तै लाग्यो।

यी बलायती कुइरेहरुले यो सोह्रौं सत्रौं सताब्दितिर देखि नै एशिया, अफ्रिका र अमेरिकी क्षेत्रमा वर्चस्व शासन गरेर शोषणको युद्ध मचाए। शोषण अन्याय गरेको कारणले मात्र यी अत्याचारीहरु प्रति घृणाको अमिट छाप मानव मस्तिष्कमा उजागार भएको हुन सक्छ। नत्र यो युरोपको बेलायत र विशेष गरेर फोक्स्टन, वेल्स जस्ता भूभौगोलिक क्षेत्रहरु स्वर्गको विशाल साम्राज्यहरुको आनन्ददायी भू भागको रुपमा लिएमा अन्याय नहुने ठाउँ छन्।

फोक्स्टनको लिस क्लोफबाट दक्षिण तिरको भागमा विसाल समुन्द्र छ। समुन्द्रको फोक्स्टन तिरको समुन्द्री किनारामा धेरै भागमा ढुङ्गाहरुको पर्खाल बनाएर समुन्द्रको छाल रोक्ने व्यवस्था मिलाएको रहेछ। ढुंगा पनि नर्वेबाट ल्याइएको रे। ढुंगा पर्खाल भैं सजाएर राखिएको छ। नर्वेबाट ल्याएको र जतनसंग पर्खाल बनाएकोले पनि यस्को उत्तिकै महत्व छ। ढुंगा ल्याएको पनि त्यति धेरै भएको रहेनछ। पाँच छ वर्ष जति भएको रहेछ। यो समुन्द्री किनाराको सुनामी उपद्रो देख्दा भने इण्डोनेसिया देखि श्रीलंका भार तसम्म तवलका मचाएको थियो। यसपटक जापान प्रशस्त क्षति बनायो। तर डरले ढुक्कैन। पहाडमा पहिरो जान्छ। गहिरो ठाउँमा डुवाउँछ। ग्लोवल वार्मिङले हिउँ पग्लिन्छ।गहिरो भागलाई ह्वाउँ छ रे।

तर दुनयामा डरले नभेट्ने र नभेटेको ठाउँ खाली कही छैन। धेरै जसो मानिसहरुआफ्नै ओछ्यानमा मर्छन। ओछ्यानमा मरिन्छ भनेर कता भाग्ने? यसैले जहाँ बस्यो त्यही राम्रो आनन्द मान्नु पर्छ। च्यारिटन भनेको समुन्द्री सतह भन्द पनि तल भूभागमा पर्छ रे। यही ठाउँ ज्यादै राम्रो छ रे। अलि पर पारिपट्टि पहाडै पहाडले छेकेको छ। चीनको ग्रटवालले किल्लो बनाए जस्तो। हरियाली र मनमोहक पहाड। हाम्रो देशमा यति राम्रो भूस्थल कही कतै पाइदैन। आफ्नै आमा भनेर के गर्नु। आमा पो आमा त आदरणीय हुन। आमा पनि काली हुन सक्छन्। नराम्री हुन सक्छन्। बुढी भएर सिंगाने राले र फोहोरी हुन सक्छन्। मेरो देश नेपाल आफ्नो मार्तभूमि हो, आदरणीय पनि हो। उनकै सन्तानले कुरुप बनाएका छन्।

आकर्षणहिन बनाउँदै आमाको अस्तित्व माथि नै खेलपाड गरेका छन्। आमालाई माया गर्न नसक्ने वदमास छोराहरु। विजयजीले गोरखा प्यालेस रेष्टुरेन्ट नजिकै एउटा घर बीस वर्ष लिजमा लिएर आफ्ना कमचारीलार्य बस्ने व्यवस्था गरेको रहेछ। आठ नै जना कर्मचारीलाई बस्ने व्यवस्था गरेको रहेछ। आठ नै जना कर्मचारी रहेछन्।परिवारवाला चाहि कोही रहनेछन्। सफाई गर्ने मानिस छैन। त्यसैले अलि फोहोर रहेछ। विहान कलेज लण्डन सम्म जाँदा रहेछन्। बेलुका पाँच बजे पछि रेष्टुरेन्टमा काम गर्ने र एघार बजेतिर रेष्टुरेण्ट बन्द गरेर सुत्न आउँदा रहेछन्। विजयजीले केटाहरुको भने राम्रै उद्धार गरेका रहेछन्। विजयजीको अनुपस्थितिमा सामाखुशीको अनिस रेष्टुरेन्ट श्रेष्ठले समाल्दा रहेछन्। दुई वर्ष देखि यही रेष्टुरेण्टमा हिसाब किताब राख्ने काम गर्दै आएका। ग्राहक डिलिङ पनि सिपालु व्यवसायी भइसकेको देख्दा विजयजीलाई पनि राम्रै सहयोग पुगेको अनुभव भयो।

एउटा विष्णु भन्ने पश्चिमातिरको भाइ पनि पहिला यसै रेष्टुरेण्टमा काम गर्दा रहेछन्। चीनबाट पढ्न आउको एउटी केटी यसै रेष्टुरेण्टमा काम गर्दा माया खेलेर बैस साटासाट गरेछन्। एउटा छोरा भएछ। केटाकेटी भीसा सकिएछ। चीन फर्किछिन भीसा थप नभए पछि फर्कने पऱ्यो। यति बेला विष्णु बिचरा त्यही छोरा हेरे दिन बिताउँदो रहेछ। छोरो पनि दुई अढाइ वर्षको भइसके छ। पहिला रेष्टुरेण्टमा काम गरेर केही खर्च बचाएको थियो। अहिले त्यही खाएर काम चलाउँदै होला। भीसाको म्याद सकिएर होला विष्णु घर देखि बाहिर पनि निस्कदो रहेनछ। यतिकै घरमा बसेको देखिन्छ। त्यही केटोसंग बोलेको खेलेको देखिन्छ। अघि नै देखि केटाको रेखदेख गर्ने काममा सामेली भैसकेको छ।

विजयजीले नेपाल गरेको समयमा श्रीमद् भागवत नेपाली भाषाको पुस्तक ल्याउनु भएको रहेछ। घरमा होइन वास्थानमा खाखिउको पुस्तक श्री राम प्रसाद जोशीज्यूले यो विशाल ९७९ पेजको किताब एघार महिना लगाएर अनुवाद गरेको रहेछ। राम प्रसाद जोशीको छोरी राम राज्य जोशी हामी सँगै स्प्रिस्कमा नै काम गर्न भउकाले राम प्रसाद जोशीको नाम त्यति बेलै सुनेको हुँ। कथा त धेरै डाउँमा धेरै पटक सुनिएकोले विषयहरु धेरै त आउँछन्। रचाध्ययय र आत्मा सात गर्ने बाँकी छ। यो किताब प्रकाशनका लागि रानी ऐश्वर्यले आर्थिक सहयोग पुऱ्याएका विषय पनि प्रकाशक राम प्रसाद जोशीकै श्रीमती नानी मैया जोशीबाट अजागार भएको छ। यो पुस्तकको एउटा विषय मनन योग्य बनेको छ। राम प्रसाद जोशीको छोटो परिचयमा महालेखा परीक्षकको अनुभवहरुको अन्तिम प्रतिवेदनमा राष्ट्रिय क्षति र प्रगतिका अवरोधहरु निर्भिक साथ राख्नु भएको र प्रतिवेदन मै



विस्तृत विवरण दिनु भएको छ। उहाँले यो पनि संकेत गर्नु भएको थियो कि उक्त प्रकृया रहिरहेमा राष्ट्र र राजमुकुट माथि असर पर्न सक्नेछ पनि भनिएको रहेछ। वास्तवमा यो विषयले राष्ट्रियता, निभिकता र इमानदारितालाई नियाल्दा सम्पूर्ण बुद्धिजीवीहरु मुक्त कण्ठले प्रशंसा गर्दै राम् प्रसाद जोशीले देखाएको बाटो नियाल्नु पर्ने बेला आइसकेको देखिन्छ। राजमुकुट माथि संकट त आइ नै सक्यो। अब बाँकी रहेको यो घरमराउको राष्ट्रलाई मृत्युशैयामा पुऱ्याउन धेरै समय तला गर्ने अवस्था आइसकेको अनुभूति हुन्छ।

२०६८/०४/०६

हेरिङ्स हिल पनि फोक्स्टन कै हाराहारीमा राम्रो आनन्ददायी र मनमोहक रहेछ। विहानतको बेला। दयानिधीको श्रीमतीको नाम पनि उमाजी नै रहेछ। नर्सीङ काममा बेलायत आउनु भएको बाह्र वर्ष विति सकेछ। बेलायत भन्नु पर्दा करिब डेड घण्टाको ड्राइभिङ्मा हेस्टिङ्को यो सेन्ट लियोनादै वारियर स्क्वायर आउँन सकिने। टाडे भन्नु पर्छ। यो समुन्द्री किनारा। हेर्नलार्य आँखाको रमाइलो। दयानिधिजी बसेको स्थान अलि उचाइमा रहेछ। फराकिलो घर किनेको रहेछ। छोरो एउटा मात्र उनी पनि अमेरिकामा जागिर खाँदै रहेछन्। अमेरिकामा नै गएर ब्रतबन्ध गरि दिएछन्। फोटो देखाएका थिए। शिव काफ्लेको रा.वा.वैकमा नै काम गर्दा डिवी परेर अमेरिका गउका थिए। उनी पनि पाल्पाका भकडाले मामा बनेर ब्रतबन्धमा केश काट्दै गरेका पनि फोटो खिचेको रहेछ शिव काफ्लेसंग फोनमा कुरा भयो। उमा दहालले गाडी हाक्दै हामीलाई हेस्टिङ्ग हिल देखि टेस्को कम्पनी क्षेत्र सबैतिर गाडीमा नै घुमाइ दिनु भयो।

हेस्टिङ्ग हिलको दक्षिण पट्टिको डाँडामा गल्फ कोर्ट रहेछ। विहानै देखि गल्फमा रमाउनेहरु आफ्नो तुजुरक प्रदर्शन गर्दै थिए। हेस्टिङ्ग हिलबाट वरिपरि सबैतिर डाँडाकाँडाले घेरिएको हरिया डाँडाहरु मनमोहक छन्। वास्तवमा नै हेरिङ् लाग्ने भेडाहरुलाई विहानै देखि चाउरमा छोडिदिदा रहेछन्। चउर पनि इलामका जस्तो गाई वस्तुले डाइन गरेको रुखो बनाएको छैन। प्रशस्त घाँस भएका चौर छन्। यहाँका बाखा भेडा, गाई, घोडाहरु पनि बडा भाग्यमानी लाग्यो। प्रशस्त घाँस खान पाउने। खुशीले स्वतन्त्र भएर चर्न पाउने। हुन त यहाँ पनि पशु अधिकारका कुरा पनि छन्। मानिस जत्ति कै पशुहरु पनि आफ्नो अधिकारमा रम्न पाएका छन्। ठूला ठूला घाँसे चौरमा पेटभर अगाउजी खान पाएर रमाएका छन्। जब कि हाम्रा नेपालमा विहान भालेको डाँक संगै उठेर खेतीबारीमा काम गर्ने ज्याला मज्जुरीमा जीवन बिताउने नागरिकहरुले अघाउजी खान नपाएर तडपनु पर्छ। (क्रमशः)

## अबको क्रान्ति : पर्यावरणीय (खण्ड २)

सुदर्शन प्रधान

# वागीश्वरी संरक्षण सङ्घर्ष : संक्षिप्त सिंहावलोकन (३)

यसै बेला शेषनाथ अधिकारीको संयोजन र सुवास प्रधानको सक्रियतामा 'राष्ट्रिय सम्पदा बचाउ अभियान' मार्फत मेडिकल कलेजविरुद्ध पत्रकार सम्मेलन, गोष्ठी र चितवनका प्रमुख जिल्ला अधिकारीमार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र दिने कार्य सम्पन्न भयो।

त्यसरी नै एनजिओ फेडरेसन र एपिसीजस्ता संस्थाले पनि एक गोष्ठीको आयोजना गरी जङ्गल विनाश गरेर स्थापित हुने मेडिकल कलेजविरुद्ध आवाज उठाए। गैंडस समन्वय जिल्ला समितिले साउनमा एक मौन विरोध ऱ्याली आयोजना गऱ्यो। सो ऱ्याली नारायणगढ सहिदचोकबाट सुरू भई पुल्चोक, बसपार्क हुँदै वागीश्वरीमा पुगी आमसभामा परिणत भयो।

वागीश्वरी क्षेत्रको संरक्षण र मेडिकल कलेजको विरोधको सिलसिलामा सरकारको गलत र प्रक्रियागत त्रुटिको भर्त्सना, तथाकथित मेडिकल कलेजको कुनियतको भण्डाफोर, देवघाट-वागीश्वरी क्षेत्रको संरक्षण र संवर्द्धनका लागि सबै सचेत र सङ्गठित हुन सभालाई सम्बोधन गर्दै प्रा.डा. गोपी उप्रेती, महेश्वरलाल श्रेष्ठ, सरस्वती रिजाल, लक्ष्मी कार्की, विजय सुवेदी, वासुदेव वाग्ले, रविमान श्रेष्ठहरूले मन्तव्य दिए।

यसै बेला नेचुरल हिस्ट्री सोसाइटी, चितवनका संयोजक सन्तबहादुर गुरूङले पनि वागीश्वरीमा स्थापित हुने मेडिकल कलेजले वरिपरिको वन, नदी र अन्य पर्यावरणीय प्रदूषण गर्छ र यो कलेज घातकसिद्ध हुन्छ भनी वक्तव्य प्रकाशित गरे।

भदौ १७ गते योगी नरहरिनाथले वागीश्वरीमा एक सभा आयोजना गर्नुभयो। पर्यावरणीय, राजनीतिक, सामाजिक, धार्मिक सङ्घसंस्थाका प्रतिनिधिहरूको त्यहाँ वृहत् सभा भयो। सभालाई सम्बोधन गर्दै योगी नरहरिनाथ, प्रा.डा. गोपी उप्रेती, चित्रबहादुर श्रेष्ठ, महेश्वरलाल श्रेष्ठ, चूडामणि ओली, सुदर्शन प्रधान, रविमान श्रेष्ठ, सुरेन्द्र वाग्लेहरूले वागीश्वरीको सुरक्षाका लागि र मेडिकल कलेजविरूद्ध तुरून्तै सशक्त कदम चाल्नुपर्नेमा जोड दिए।

**५. सङ्घर्षको प्रतिक्रिया**

भरतपुर-नारायणगढका केही व्यापारी र घरधनीहरू मेडिकल कलेजको स्थापनापछि आफ्नो बन्दव्यापार र कोठा भाडाको वृद्धि र विकास भएको पाएर मेडिकल कलेजको समर्थनमा रहे र सङ्घर्षप्रति उपेक्षा नै गरे तर धेरैजसोले सङ्घर्षलाई प्रत्यक्ष/परोक्ष सहयोग पुऱ्याए।

चितवनस्थित ने.का. को गिरिजालबी बाहिर चुपचाप रहे पनि पहुँचवालाहरू भूमिगत रूपले मेडिकल कलेजलाई आवश्यक सहयोग पुऱ्याउँदै गए तर अर्को लबी (जसको नेतृत्व सुवास प्रधानले गरेका थिए) स्पष्ट रूपमा सङ्घर्षको पक्षमा उभिए।

एमाले जिल्ला नेतृत्वचाहिँ मौन बस्यो। यसैको परिणामस्वरूप पछि मदन-आश्रित भवन निर्माणका लागि उक्त मेडिकल कलेजबाट रू. १ लाख चन्दा पाउनाले पनि सो पार्टीले कलेजविरूद्ध आवाज उठाउन अप्ठेरो मानेको हुनुपर्छ। तर उक्त पार्टीका डम्बर श्रेष्ठ, विजय सुवेदीहरूले मेडिकल कलेज हटाउनुपर्छ भनी खुला रूपमै सङ्घर्षको समर्थन गरे। बिस्तारै एमालेभित्र विवाद बढ्न थाल्यो। सोही कारण डा. दुर्गादत्त ढकालको संयोजकत्वमा ५ जनाको एउटा आयोग नै गठन भयो। सो आयोगले मेडिकल कलेजले वागीश्वरीको चौतर्फी वातावरण र धार्मिक, पुरातात्त्विक र वातावरणीय सम्पूर्ण कुरा नष्ट पार्छ भन्ने प्रतिवेदन पेस गऱ्यो।

तत्कालीन सं.ज.मो. (भट्टराई) समूह र राप्रपा ले मेडिकल कलेजविरूद्ध स्पष्ट आवाज उठाए र ती पार्टीका नेता र कार्यकर्ताहरू सङ्घर्षको मैदानमा पनि देखिए। मशाल र सं.ज.मो. (वैद्य) ले मौखिक रूपमा सङ्घर्षको समर्थन गरे पनि व्यावहारिक रूपले कुनै सहयोग पुऱ्याएनन्। वागीश्वरीको महत्त्व र मेडिकल कलेजको घातक कदम सम्बन्धमा अज्ञानता र बेवास्ताको परिचय थियो यो उनीहरूको।

**६. सङ्घर्षको विकास**

२०५१ भदौ २० गते नारायणगढ सहिदचोकमा वागीश्वरी संरक्षण सङ्घर्ष समितिको नेतृत्वमा रिले अनशन र हस्ताक्षर कार्यक्रम पनि सुरू भयो। २० र २१ गते दुई दिनसम्म भएको यस कार्यक्रममा सङ्घर्ष समिति र अन्य समर्थकहरू बिहान ६ बजेदेखि साँझ ६ बजेसम्म रिले अनशन बसे। एक पटकमा ४ जना रहने यस कार्यक्रममा कुनै पूरा १२ घण्टासम्म रहन्थे त कुनै ६ घण्टा मात्र। यस अवधिमा झन्डै १२०० जनाले वागीश्वरीबाट मेडिकल कलेज हटाउनुपर्छ भनी हस्ताक्षर पुस्तिकामा हस्ताक्षर गरे।

यसै बेला कलेजले आफ्ना ठेकेदारहरूमार्फत वागीश्वरीमा छक्कलाग्दो गरी रातारात भवनहरू निर्माण गर्न थाल्यो। कलेजका विश्वसपात्र भीमबहादुर श्रेष्ठमार्फत चिजकुमार मास्के (भरतपुर) र पवन पिया (नारायणगढ) ले बिनाटेन्डर निर्माणकार्यको ठेक्का प्राप्त गरे। साना-ठूला गरेर झन्डै २५ वटाजति भवनहरू निर्माण गर्दा त्यहाँ कैयौं ठूलठूला रूखहरू पनि काटिए। (क्रमशः)